दर्ता नं. २७/०५५/०५६ | Regd. No. 27/055/056
www.hamrosaccos.coop.np

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Hamro Saving and Credit Co-operative Society Limited

लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2056)

## २६औं वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन
(आ.व.२०८०/८१)

कार्तिक ०३ - १०, २०८१

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Hamro Saving and Credit Co-operative Society Limited

लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

मितिः२०८१।०५।२९

सम्पूर्ण सदस्यज्यूहरू,

२६औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

यस संस्थाको मिति २०८१ साल भाद्र १६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित विषयमा छलफल गरी निर्णय लिन संस्थाको विनियम २०५५ बमोजिम छब्बीसौ वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण सदस्यज्यूहरूमा अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

छब्बीसौं वार्षिक साधारण सभा हुने :

मिति :- २०८१ कार्तिक ३ गते, स्थान :- कोप रिसोर्ट गोटिखेल, समय : विहान ११:०० बजे

मिति :- २०८१ कार्तिक १० गते, स्थान :- डिलाईट पार्टी भेन्यू, महालक्ष्मीस्थान ललितपुर, समयः बिहान ११:०० बजे

साधारण सभामा छलफल गरिनेप्रस्तावहरू :

(१) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न साधारण सभामा उपस्थित शेयर सदस्यको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा,
(२) सञ्चालक समितिको तर्फबाट सचिव मार्फत प्रस्तुत आ.व.२०८०/८१ को प्रगति तथा आ.व.०८१/८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरू पारित गर्ने सम्बन्धमा,
(३) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षबाट प्रस्तुत संस्थाको आ.व २०८०/८१ को आर्थिक प्रतिवेदन तथा आ.व.०८१/८२ को प्रस्तावित बजेट पारित गर्ने सम्बन्धमा,
(४) लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
(५) आ.व.२०८०/८१ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
(६) आ.व.२०८०/८१ को लेखा परिक्षण प्रतिवेदन बमोजिम नगद लाभांश र संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
(७) आ.व.२०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गरी नीजको पारिश्रमिक तोक्ने सम्बन्धमा,
(८) सहकारी एकीकरण गर्ने सम्बन्धमा,
(९) बाह्य दायित्व स्वीकार तथा भुक्तान गर्ने अख्तियारी सम्बन्धमा,
(१०) बचत तथा ऋणको ब्याजदर परिवर्तन गर्ने अख्तियारी प्रदान गर्ने सम्बन्धमा,
(११) भाखा नाघेका ऋणीको धितो लिलाम गरी असुल गर्ने, धितो लिलाम तथा गैह बैंकिङ्ग सम्पत्ती प्राप्ती तथा बिक्री गर्न सक्ने अख्तियारी सम्बन्धमा,
(१२) सञ्चालक समितिका महत्वपुर्ण निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा,
(१३) संस्थाका मौजुदा नीतिहरू संशोधन, नयाँ नीति तथा निर्देशिका पारित गर्ने सम्बन्धमा,
(१४) संस्थाका समिति उप समितिका पदाधिकारी सदस्यको भत्ता सुविधा तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धमा,
(१५) संस्थाको सञ्चलक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा, (निर्वाचन कार्यत्रम निर्वाचन समितिले प्रकाशन गरे बमोजिम हुनेछ)
(१६) सदस्यका सुभावहरू सम्बन्धमा,
(१७) विविध ।

हरिप्रसाद बजगाई
सचिव

पुनश्चः

१. साधारण सभामा उपस्थितिका लागि परिचय खुल्ने परिचय पत्र लिएर आउन सदस्यहरूलाई अनुरोध छ ।
२. कार्यत्रममा स्वयं उपस्थित हुने सदस्यहरूलाई यातायात र खाजा खर्च उपलब्ध हुनेछ ।
३. संस्थाको शेयर खरिद गरी सदस्य बनेका तर सदस्य बनेको मितिबाट नै मासिक बचत नगर्ने निस्कृय सदस्यहरूको नाम उपस्थिति पुस्तिकामा नहुने व्यहोरा अनुरोध गर्दछौं । त्यस्ता सदस्यहरूलाई साधारण सभा अघि संस्थामा आई मासिक बचत बुभाउन अनुरोध गर्दछौं ।

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Hamro Saving and Credit Co-operative Society Limited

लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

मितिः२०८१।०५।२८

## निर्वाचन कार्यक्रम सम्बन्धि सुचना

यस हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २६ औं वार्षिक साधारणसभाबाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचनका लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन गरिएको । संस्थाका सम्पूर्ण सदस्यहरूलाई यसै कार्यक्रम बमोजिम निर्वाचनमा भाग लिनुहुन सुचित गरिन्छ ।

| क्र.सं. | विवरण | मिति | समय | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन | २०८१।०६।२२ | १०:०० बजे | | |
| २ | मतदाता नामावली माथी दावि विरोध | २०८१।०६।२२ | १०:३० बजे | १२:३०बजे | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१।०६।२२ | ४:०० बजे | | |
| ४ | उमेद्वारको मनोनयन पत्र दर्ता गर्ने | २०८१।०६।३० | १०:३० बजे | ४:०० बजे | |
| ५ | उमेद्वारको प्रारम्भिक नामावली प्रकाशन | २०८१।०६। ३० | ५:०० बजे | | |
| ६ | उमेदवारी विरुद्ध दावी विरोध | २०८१।०७।०१ | १०:०० बजे | ११:००बजे सम्म | |
| ७ | दावी विरोध माथि छानविन | २०८१।०७।०१ | ११:०० बजे | १:०० बजे सम्म | |
| ८ | उम्मेदवारको पुनः नामावली प्रकाशन | २०८१।०७।०१ | २:०० बजे | | |
| ९ | उम्मेदवारले नाम फिर्ता लिने | २०८१।०७।०१ | २::०० बजे | ५:०० बजे | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१।०७।०२ | ११:०० बजे | | |
| ११ | निर्विरोध पदको घोषणा | २०८१।०७।०२ | ११:३० बजे | | |
| १२ | मतदान कार्य सुरु | २०८१।०७।१० | साधारण सभाका कार्यक्रम पश्चात | | |
| १२ | मतदान कार्य सुरु | कार्तिक साधारण सभाका कार्यक्रम पश्चात | | | |
| १३ | मतदान प्रारम्भ | साधारण सभाका कार्यक्रम पश्चात सबै क्षेत्रमा | | | |
| १४ | मतगणना | मतदान समाप्ती पश्चात | | | |
| १४ | निर्वाचन परिणाम घोषणा | मतगणना समाप्ती पश्चात | | | |
| १५ | निर्वाचित व्यक्तिहरूलाई प्रमाणपत्र वितरण एवं सपथ ग्रहण | निर्वाचन परिणाम घोषणा पश्चात | | | |

नोटः

१) माथि उल्लेखित कार्यक्रममा निर्वाचन समितिले तत्कालिन परिस्थिति तथा आवश्यकता बमोजिम हेरफेर गर्न सक्नेछ ।

२) निर्वाचन प्रक्रियमा उम्मेदवारले भर्नुपर्ने फिट एण्ड प्रोपर टेस्टको फाराम तथा स्वघोषणा फाराम संस्थाको मुख्य कार्यालय मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

३) निर्वाचन सम्बन्धि अन्य विषयहरूको जानकारीको लागि संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

राजेन्द्र प्रसाद तिमल्सिना
संयोजक
निर्वाचन समिति

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Hamro Saving and Credit Co-operative Society Limited
लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

## २६औं वार्षिक साधारण सभा २०८१ मा अध्यक्ष श्री शम्भूप्रसाद फुयालद्वारा प्रस्तुत प्रतिवेदन

श्रद्धेय प्रमुख अतिथिज्यू, सञ्चालक र लेखा सुपरिवेक्षण समितिका सहकर्मी साथिहरू, श्रद्धेय सल्लाहकार ज्यूहरू, विभिन्न उपसमिति तथा सेवा केन्द्र व्यवस्थापन उपसमति सदस्यज्यूहरू, हामीलाई विश्वास र माया गरी यहाँसम्म पुऱ्याउने आदरणीय शेयर सदस्य महानुभावहरू, कर्मचारीहरू यस संस्थाको गरीमामय साधारण सभाको पावन अवसरमा यहाँहरूलाई हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु। यस गरीमामय साधारण सभामा शेयर सदस्यहरूको संस्थासंग अनुशासित कारोबार गर्ने, कर्मचारीहरूको अहोरात्र मेहनत, समिति उप समितिका पदाधिकारी तथा सदस्यहरूको सक्रिय क्रियाशीलता, सल्लाहकारहरूको उचित मार्गदर्शन र सहकारी विभागको सघन अनुगमन, स्तरीकरण कार्यक्रम(ACCESS) अन्तर्गत नेफ्स्कुनको नियमित नियमन तथा निर्देशनका साथै बागमती प्रोस्कुनको अनुगमन सहितको मार्गदर्शनका कारण देशको सहकारी क्षेत्रमा देखिएको गम्भिर वित्तिय संकटमा पनि संस्थालाई जिवन्त गतिमा सञ्चालन गर्न सफल भएकोमा यहाँहरूबीच आभार प्रकट गर्न चाहन्छु।

आज भन्दा २६ वर्ष अघि २९ जना सदस्यको उपस्थितिमा स्थापना भई ४९ जना सदस्यबाट कारोबार शुरु भएको हाम्रो नमुना बचत तथा ऋण सहकारी संस्था लि.,२०७६ साल मंसिर ३० गते हाम्रो थैली साकोस, सेवक साकोस र २०७९ साल बैशाख १३ गते जनजागरण साकोस सहित एकीकरण भई हाल ललितपुर, काठमाण्डौ र भक्तपुर जिल्ला कार्यक्षेत्र भई सदस्यहरूको विश्वास र भरोसाको केन्द्रको रुपमा अघि बढिरहेको अवस्थामा सबै संस्थाका स्थापनादेखि हालसम्म क्रियाशील सबै सदस्यहरू, समिति उपसमितिका पदाधिकारीहरू, व्यवस्थापनका कर्मचारीहरू लगायत सबै सहयोगी तथा शुभेच्छुकहरूमा तपाईहरूको योगदानको उच्च सम्मान तथा कदर गर्न चाहान्छौ।

संस्थागत सुशासन र दीगो वित्तिय भविश्यका लागि संस्थामा उच्च नैतिकवान तथा सक्षम नेतृत्व पेशागत दक्षता भएको व्यवस्थापन र बित्तीय रुपमा अनुशासित सदस्यहरूको आवश्यकता पर्दछ जसका कारण संस्थाको निरन्तर बृद्धि र विकास भएको छ। बचत तथा ऋण कारोबारका माध्ययमबाट सदस्यहरूको आर्थिक सामाजिक र साँस्कृतिक विकासका लागि सेवा प्रदान गरीरहेको यस संस्थाले स्थापनाका कालदेखि नै विभिन्न सामाजिक गतिबिधिहरू समेत सञ्चालन गर्दै आएको छ। संस्थामा संस्थागत सुशासनका लागि सहकारी ऐन नियम तथा संस्थाको विनियम र आन्तरिक नीति निर्देशिकाहरूको परिपालना गर्दै र क्रियात्मक रुपमा परिपालनामा देखिएका कमिकमजोरीहरूलाई नियमन र अनुगमनका क्रममा देखिएमा त्यसलाई सुधार गर्दै संस्था सञ्चालन गरिएको छ। संस्थाले आफ्नो जग्गामा नयाँ भवन निर्माणको निर्णय विगत ३ वर्षदेखि गरीआएकोमा बजारमा

तरलताको अवस्था तथा संस्थाको शुद्ध जगेडा कोषको अवस्था सुदृढ बनाएपछि मात्र भवन निर्माण गर्ने योजना सहित स्थगित गरिएको छ। संस्थाको व्यवस्थापनमा सञ्चालक समितिको प्रत्यक्ष संलग्नतालाई अन्त गर्न मुख्य कार्यालयमा व्यवस्थापनको र सेवा केन्द्रमा सेवा केन्द्र संयोजकको ऐच्छिक रुपमा चेक सञ्चालन गर्ने अख्तियारी प्रदान गरिएको छ। सदस्यहरूबीच रहेको स-साना पूँजीलाई एकीकृत गरी उक्त पूँजी कमजोर आर्थिक अवस्था रहेका सदस्यहरूलाई नै व्यवसाय तथा स्वरोजगारी सृजना गरी आय आर्जनमा सहयोग गर्ने प्रतिवद्धताका साथ अघि बढिरहेका छौं।

संस्था स्थापनाको ११ वर्ष सम्म सिमित सदस्यहरूबीच कारोबार गरी संस्था सञ्चालन गरीरहेकोमा संस्थाको पहिलो व्यवसायिक योजना २०६७ सालमा पारित गरेपछि संस्थामा ४०२ जनाबाट सदस्यता बृद्धि भई हाल ७२२५ जना र कूल सम्पत्ति १ अर्ब ७६ करोड र जगेडा कोष १४ करोड जोड्न सफल भएका छौं।

संस्थाले एसियाली ऋण महासंघको प्राविधिक सहयोगमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कुन) बाट सञ्चालित एक्सेस ब्राण्डिङ्ग कार्यक्रममा सहभागी भएको ३ वर्ष पूरा भएको छ। यस क्रममा संस्थाले वित्तिय परिवेस, सदस्य परिवेस, आन्तरिक व्यवसायिक परिवेस, सिकाइ र बृद्धिको परिवेसमा सुधारका लागि पर्याप्त बुझाइ, ज्ञान, सीप र क्षमता हासिल गरेको छ। यस ज्ञान र सीपलाई आगामी वर्ष सञ्चालक समितिको नेतृत्व कौशलता र व्यवस्थापनले श्रृजनात्मक व्यवस्थापन र सबै कर्मचारीहरूले कडा मेहनतका साथ कार्य गरी संस्थालाई सुशासित एवम मर्यादित रुपमा सञ्चालन गरेर अवका ४ वर्ष भित्र एक्सेस ब्राण्ड प्राप्त गर्ने लक्ष्य पूरा हुनेछ भन्नेमा विश्वस्त रहेको छु। विगत ३ वर्षदेखि एन.एफ.आर.एस. रिपोर्टका आधारमा लेखा परिक्षण गरी लेखा परिक्षणका क्रममा औल्याइएका विषयहरूको सम्बोधन तथा सुझावहरूको कार्यान्वयनका क्रममा संस्थाको जोखिम न्यूनीकरणका लागि जोखिम व्यवस्था खर्च गर्दा सदस्यलाई प्राप्तहुने प्रतिफलमा संकुचन देखिएको भएता पनि दीर्घकालीन रुपमा संस्थामा सदस्यको बचत तथा लगानीको सुरक्षाका प्रत्याभुति गरिएकोले सदस्यहरूलाई निर्धक्क साथ कारोबारका लागि अनुरोध गर्दछों। सदस्यहरूलाई छिटो छरितो तथा सहज तरिकाले सर्बसुलभ ऋण प्रवाह गर्दै उहाँहरूका जीवनस्तर उकास्न सफल भएका छौं। यस यात्राका क्रममा संस्थाले विभिन्न सफलता तथा हौसलाहरू प्राप्त गरी अघि बढी रहेको छ।

## सम्मान तथा पुरस्कार

| क्र.सं. | पुरस्कार सम्मान गरेको विवरण | प्रदान गर्ने निकाय |
|---|---|---|
| १ | ५७ औं राष्ट्रिय सहकारी दिवस २०७० उत्कृष्ट सहकारी पुरस्कार | ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि |
| २ | उत्कृष्ट सहकारी पुरस्कार २०७७ | ५७ औं राष्ट्रिय सहकारी दिबश मुल समारोह समिति, ललितपुर |
| ३ | नियमित कारोबार बिद्यामा प्रशंसा पत्र २०७४.७५ | रास्ट्रिय सहकारी बैंक लि. |
| ४ | उत्कृष्ट संस्था सम्मान २०७२ | ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि |

| | | |
|---|---|---|
| ५ | उत्कृष्ट कारोबार सम्मान २०७५।७६ | नेफस्कुन |
| ६ | प्रशंसा पत्र (सहकारी ऐन नियमावलीको मर्म बमोजिम संस्था एकीकरण) २०७७ | ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि |
| ७ | उत्कृष्ट सेवा उपयोग सम्मान २०७८।७९ | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. |
| ८ | उत्कृष्ट सहकारी संस्था पुरस्कार २०८० | जिल्ला सहकारी संघ लि.ललितपुर |

यस सम्मानित सभामा सदस्यहरूले हाम्रो साकोसको लक्ष्य, ध्येय तथा गन्तव्य के हो ? हामी कस्तो संस्थाको सदस्य छौ ? हाम्रो भविष्य के हो भन्ने जस्ता विषयहरू बुझ्नु अनिवार्य छ। हाम्रो साकोसको चौथो पञ्चवर्षिय योजनाको दोश्रो वर्षमा हामी प्रवेश गरेका छौँ । यस क्रममा हाम्रो २०८१ को प्रगति र २०८४ को लक्ष्यलाई यहाँहरू बीच प्रस्तुत गर्नु सान्दर्भिक भएकोले प्रस्तुत गरेका छौँ ।

| विवरण | आ.ब.२०८१ असार | आ.ब.२०८४ असार |
|---|---:|---:|
| कूल सम्पति | १,७६३,१९६,४२८ | २,५०,००,००,००० |
| शेयर पूजी | १६१,५८६,२०० | २०,००,००,००० |
| बचत संकलन | १,२९१,६४९,८१७ | १,६५,००,००,००० |
| ऋण लगानी रकम | १,२१९,१२५,६७३ | १,८४,००,००,००० |
| जगेडा कोष | १४०,४०२,६२६ | २५,००,००,००० |
| शेयर सदस्य संख्या | ७,२२५ | १४००० |
| सेवा केन्द्र | ४ | ६ |
| कर्मचारी संख्या | २४ | ३० |

**संस्थाको ध्येय :**

- सुशासन र प्रभावकारी सञ्चालन मार्फत सदस्यहरूलाई सर्वसुलभ र पर्यायवरण मैत्री
- दीगो वित्तिय अवसर र सुविधा प्रदान गरी हाम्रो साकोसका सदस्यको जीवनस्तर सुधार गर्ने ।

**संस्थाको परिकल्पना :**

- दीगो सहकारी समृद्ध सदस्य

**संस्थाका उद्धेश्यहरू :**

सदस्यहरूको सामाजिक र आर्थिक हितलाई ध्यानमा राखी देहायमा उल्लेख भए बमोजिमका काम कारबाही गर्नु संस्थाको उद्देश्य हुनेछ।

१. संस्थामा संलग्न सदस्यहरू र जनसमुदायबीच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने,

२. नियमित रुपमा सदस्यहरूबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरूले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने,
३. उत्पादनशिल, आयमुलक, सीपमुलक उद्देश्यका लागि सदस्यहरूलाई उचित व्याज दरमा ऋण प्रदान गर्ने,
४. आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धि धारण बारे सदस्यहरूलाई उत्प्रेरित गर्ने,
५. सदस्यहरूलाई आय आर्जन क्षमतामा वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने,
६. सदस्यहरूको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,
७. साधारण जनताका आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरूको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रिय संघको सदस्यता ग्रहण गर्ने,
८. सदस्यहरू तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने,
९. समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक-सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,

## संस्थाका मुख्य मुल्यहरू (CORE VALUES)

१. लक्ष्यमा प्रतिवद्ध
२. जिम्मेवारी
३. प्रभावकारी र गुणस्तरीय सेवा
४. जवाफदेहिता
५. आपसी सहयोग
६. समानता र समता
७. दुरदर्शिता
८. समानता

संस्थाको भिजन २०८५ लाई पूरा गर्नका लागि यस वर्षदेखि नै हामीले देहायका नीतिहरू तथा कार्यक्रमहरू तय गर्न गई रहेको कुरा गरीमामय सभा समक्ष पेश गर्दछौं ।

१. पहिलो प्राथमिकता सदस्य सेवालाई दिने नीति रहेको छ ।
२. सदस्य शिक्षा तालिम, वित्तिय साक्षरता तथा सामुदायिक क्रियाकलापमा हुने खर्चहरू सदस्य र समुदायको हितका लागि दीर्घकालीन लगानीको रुपमा लिएका छौं । जसले संस्था, सदस्य र समुदायको दीगो विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने छ ।
३. सदस्य हित कार्यक्रममा गर्भ देखि स्वर्ग सम्मका आवश्यकता अनुसार सबै सेवा केन्द्रबाट सदस्य हित कार्यक्रम सञ्चालन गरिनेछ ।
४. आगमी वर्षदेखि साधारण सभा प्रभावकारी बनाउनको लागि सदस्यलाई चिठ्ठा कुपनको व्यवस्था निरन्तर गरिनेछ र कार्यक्रम हलमा उपस्थित सदस्यलाई मात्र उक्त चिठ्ठा प्रदान गरिनेछ ।
५. सबै सेवा केन्द्र अन्तर्गत कार्यक्रम खर्च बजेटमा व्यवस्था गरिनेछ ।
६. आमा समूह, महिला समूह तथा युवा र बाल क्लव संगको सहकार्यमा विभिन्न वित्तिय साक्षरता तथा

अन्य कार्यक्रमहरू आयोजना गरिनेछ। संस्थाको स्वामित्वमा रहने गरी यस्ता समूह तथा क्लबहरूको निर्माण गरिनेछ।

७. हाम्रो साकोसमा रेमिटेन्स कारोबार गर्ने सदस्यहरूलाई पहिलो प्राथमिकतामा समावेश गरिनेछ।

८. हाम्रो साकोसको मात्र सदस्य भएका सदस्यहरूलाई सबै कारोबारमा विशेष प्राथमिकतामा राखिने छ।

९. व्यवसायिक कृषि तथा पशुपालन , साना तथा घरेलु उद्योग, स्वरोजगारी सिर्जना गर्ने व्यवसायहरू, क्लिन इनर्जीको उपयोग हुने व्यवसाय, ३५ वर्ष मुनिका युवाहरूले गर्ने स्टार्टअप व्यवसायलाई लगानीको पहिलो प्राथमिकतामा राखिने छ।

१०. यस संस्थामा कारोबार गर्ने सदस्यका परिवारका सबै सदस्यहरूलाई संस्थामा सदस्य बन्न बिशेष प्रोत्साहन दिइने छ। एकाघर परिवारका सदस्यहरूलाई संस्थामा सदस्य बन्नको लागि प्रवेश शुल्क नलिने व्यवस्था मिलाईने छ।

११. अत्याधुनिक प्रविधि मार्फतको कारोबारबाट नगद कारोबार विस्थापित गरिनेछ।

१२. मोबाइल बैंकिग र इ टेलरको माध्ययमबाट पास बुक र भूक्तानी पूर्जालाई विस्थापित गरिनेछ,

१३. लघु उद्यम तथा १० लाख सम्मका ऋणको जोखिम घटाउन ऋण बीमाको कार्यक्रमको विस्तार गरिनेछ,

१४. सदस्यलाई लगानीको दिर्घकालीन प्रतिफल सुरक्षा गर्न जगेडा कोषको बृद्धि गरिनेछ,

१५. संस्थाका समिति उप समिति र कर्मचारीहरूलाई हाम्रो साकोसमा मात्र सदस्य रहनुपर्ने नीति तय गरिनेछ,

१६. विदेशमा रहेका सदस्यहरूलाई संस्थाको खातामा विदेशबाट सोझै रकम जम्मा गर्न मिल्ने व्यवस्था गरिनेछ,

१७. नव निर्वाचित संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति र उच्च व्यवस्थापनलाई CUDCC तालिम तथा संस्थाका सबै नीतिहरूको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी नेतृत्व र व्यवस्थापनलाई संस्थागत सुशासन प्रति जवाफदेही र उत्तरदायी बनाइने छ ,

१८. संस्थाका सबै उप समितिको क्षमता अभिबृद्धि गरिनेछ।

१९. बाल बचत समूह र बचत क्लब निर्माण गरी विद्यालयमा वित्तिय प्रविधि साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

२०. संस्थालाई नेतृत्व विकास केन्द्रको रुपमा विकास गरी संस्थाको नेतृत्वबाट अवकास प्राप्त क्षमतावान व्यक्तिहरूलाई अभियानको नेतृत्वमा स्थापित गर्न पहल गरिनेछ।

२१. फिल्डमा सदस्य सेवाका लागि खटिने कर्मचारीहरूले सदस्यकोमा बचत संकलन गर्दा मोबाइलबाट नै पासबुक रुजू गर्न मिल्ने व्यवस्था गरिने छ।

२२. प्राण घातक रोग, दुर्घटना तथा विपदको कारणबाट आर्थिक संकट परेको अवस्थमा निश्चित वर्ष भित्रमा त्यति नै रकम जम्मा गर्ने गरी नियिमित बचत फिर्ता दिने व्यवस्था मिलाईने छ।

२३. न्यून आय भएका सदयहरूलाई एकल अंकको व्याजदरमा ऋण प्रवाह गरी यस आर्थिक वर्षमा २० जना सदस्यहरूलाई विभिन्न तालिमका माध्ययमबाट स्वरोजगार बनाउने व्यवस्था मिलाईने छ।

२४. संस्थाको नियमित कारोबारलाई समयसापेक्ष बनाउँदै लैजान बजारको प्रभाव अनुसार निक्षेप तथा कर्जाको ब्याजदरमा समय सापेक्ष परिवर्तन गरिने छ। प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम सहकारी विभागको निर्देशन तथा बजारको प्रतिस्पर्धालाई संस्थाको अनुकूल उपयोग गर्नका लागि कर्जाका नयाँ स्किम तथा लगानीका नयाँ क्षेत्रहरू खोजी गरी सुरक्षित लगानी गर्ने नीति लिइनेछ। कर्जा

र बचतमा लिइने र प्रदान गरिने बढ्दो प्रतिस्पर्धात्मक ब्याजदरलाई समय सापेक्ष परिवर्तन गर्नका लागि सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न यस सभा समक्ष प्रस्ताव गर्दछौं । सदस्यलाई ऋण भूक्तानीमा सहज बनाउन अधिकतम १५ वर्षसम्मको अवधिका लागि मासिक किस्ताबन्दीमा कर्जा लगानी गर्ने प्रस्ताव गर्दछौ ।

२५. संस्थामा कर्जा कारोबार गर्ने केही लगातार ताकेता गर्दा समेत भाखा नाघेको कर्जा चुक्ता नगरेकोले कानूनी प्रक्रिया अघि बढाई असुल गरेको तथा अन्य थप केही सदस्यहरूले समेत कर्जा असुलीका लागि अटेर गरेकोमा त्यस्ता सदस्यहरूको धितो वा धितो जमानी दिनेको हकमा त्यस्ता जमानीकर्ताको धितो वा व्यक्तिगत धन जमानी बस्ने सदस्यहरूको हकमा त्यस्ता व्यक्तिगत धनजमानीकर्ताको प्रचलित कानून बमोजिम घरघरानाबाट असुल उपर गरिनेछ ।

२६. चालु आर्थिक वर्षमा संस्थाका सदस्य, समुदायका महिला समूहका साथै विभिन्न विद्यालयका विद्यार्थीहरू मध्ये कम्तिमा ५०० जनालाई विभिन्न शिक्षा तथा तालिम कार्यक्रममा सहभागि गराइने छ।

२७. विश्वव्यापी रुपमा वित्तिय प्रविधिको बजार तथा प्रयोग व्यापक हुदै गएको अवस्थामा भविष्यमा मुद्राको प्रयोगमा कमी, सरकारी नीति अनुसार सबै कारोबार अनिवार्य रुपमा औपचारिक क्षेत्रबाट मात्रै हुन सक्ने परिस्थितिमा संस्थाका सदस्यहरूलाई वित्तिय प्रविधि सम्बन्धि तालिम प्रदान गरिनेछ । यस प्रकारको तालिम विशेषत ग्रामिण क्षेत्रमा प्रदान गरिने छ । चालु आर्थिक वर्षमा यस प्रकारको तालिम कम्तिमा ५०० जनालाई प्रदान गरिनेछ ।

२८. विभिन्न बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको एकीकरण स्वीकृति पश्चात विभिन्न स्थानमा स्थापित सदस्य सेवा केन्द्रको केन्द्रलाई व्यवस्थित गरी सञ्चालन गरिनेछ । संस्था एकीकरण पश्चात एकीकृत संस्थाको कार्यालयमा सदस्य सेवा केन्द्र सञ्चालन गरिनेछ।

२९. स्वरोजगारीका लागि सीप कार्यक्रम अन्तर्गत ससाना व्यवसाय तथा आपतकालीन कोषका लागि संस्थाले नयाँ कार्यक्रम CARE (Cooperative Assistance for Reliable Enterprises ) सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत संस्थाले कार्यक्षेत्र भित्र बस्ने सदस्यहरूलाई विभिन्न स्वरोजगार मूलक तालिम कार्यक्रममा निःशुल्क तथा सहुलियत ब्याजदरमा ऋण प्रदान गरी सेवा प्रदान गरिने छ। दुइ पाँग्रे, तीन पांग्रे तथा चार पांग्रे सवारी चालक, ब्यूटिसियन, हेयर कटिङ(पुरुष), प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन जस्ता तालिम लिन इच्छुक सदस्यहरूलाई तालिम अवधिभर खाना आवास तथा तालिम शुल्क, जस्ता खर्च पूरा गर्न सहुलियत ऋण प्रदान गर्ने र तालिम सम्पन्न पश्चात व्यवसाय सञ्चालनका लागि स्वरोजगार ऋण उपलब्ध गराइने छ । संस्थाको कूल ऋण लगानीको १ प्रतिशत नबढ्ने गरी CARE अन्तर्गत चरित्रका आधारमा प्रदान गरिने ऋण, शैक्षिक कर्जा, आवास मर्मत कर्जा प्रदान गरिनेछ । इर्मजेन्सी ऋण बचतको सबै भन्दा कम ब्याजदर भन्दा १ प्रतिशत बढी ब्याज दरमा प्रदान गरिने छ । CARE कार्यक्रम लागु गर्न सञ्चालक समितिले निर्देशिका बनाई लागु गर्ने छ ।

३०. **वित्तिय प्रविधिको प्रयोग तथा सुविधा थप सम्बन्धमाः**

(क) **एटिएम** : राष्ट्रिय सहकारी बैंकसंगको सहकार्यमा आर्थिक वर्ष २०७८।७९ मा एटिएम सम्झौता सम्पन्न भई धेरै सदस्यहरूले सञ्चालन गरी रहनु भएको छ । SCT को एटिएम बुथबाट रकम निकाल्न मिल्ने कोप कार्ड ग्लोबल आइ. एम. इ. बैंकको एटिएम बुथबाटबाट रकम भूक्तानी लिदा कुनै शुल्क नलाग्ने जानकारी गराउन चाहान्छौ ।

(ख) **मोबाइल बैंकिङः** विश्वभर प्रविधिको प्रयोगले आम मानव जातिको जनजीवनलाई सहज सरल बनाएको सन्दर्भमा सहकारी संस्थाले समेत वित्तिय प्रविधिको प्रयोग गर्दै सदस्यलाई सहज वित्तिय पहुँच प्रदान गर्नु आधारभूत वित्तिय आवश्यकता हो । प्रविधि मार्फत सदस्यहरूलाई वित्तिय सेवा प्रदान गर्न हाल संस्थाले विभिन्न सेवाहरू प्रदान गरेको छ । मोबाइल बैंकिङको माध्ययमबाट संस्थामा बचत कारोबारको स्टेटमेन्ट हेर्न, टेलिफोन, विद्युत, इन्टरनेट तथा टिभीको महसुल भुक्तानी गर्न, आन्तरिक हवाई टिकट बुकिङ गर्ने सेवा तथा संस्थाको खाताबाट अन्य बैंकको खातामा रकम ट्रान्सफर गर्ने र खल्ती तथा इ सेवा लोड गरी अन्य सेवाहरू समेत उपलब्ध गरिएको छ । संस्थाका कर्मचारीले दैनिक सदस्यको व्यवसाय स्थलबाट रकम जम्मा गर्दा ट्याब्लेट बैंकिङको प्रयोग गरी सदस्यको बचत तथा कारोबारको सुरक्षा प्रदान गरिएको छ

(ग) **कनेक्ट आइ.पिए.स. तथा कर्पोरेट पे सञ्चालन सम्बन्धमाः** सदस्यहरूलाई संस्थामा जम्मा गरेको रकम भूक्तानीका लागि विभिन्न बैंक तथा वित्तिय संस्थाको चेक उपलब्ध गराउँदा सटहीमा हुने झण्झट लाई चालु आर्थिक वर्ष देखि न्यूनीकरण गरिएको छ । संस्थाबाट सिधै सदस्यको बैंक तथा वित्तिय संस्थाको खातामा कनेक्ट आइपिएस बाट सिमित भूक्तानी दिइरहेकोमा कर्पोरेट पे सञ्चालन गरी संस्थबाट बचत झिक्ने सदस्यलाई नीजको वा नीजले तोकेको व्यक्तिको बैंक खातामा सिधै रकम जम्मा गर्न सक्ने व्यवस्थालाई थप बैंक तथा वित्तिय संस्थाबाट सेवा प्रदान गरिने छ ।

३१. **लघु उद्यम व्यवसाय प्रवर्द्धन कार्यक्रमः** संस्थाबाट प्रदान गरिएको लघुवित्त कर्जालाई जोखिमको अध्ययन गरी व्यवस्थित गरिनेछ । लघुवित्त क्षेत्रमा विभिन्न लघुवित्त बैंक र सहकारी संस्थाहरूले एउटै समूहलाई लगानी गरिएको जोखिम क्षेत्रको अध्ययन गर्दै लघुउद्यम तथा साना व्यवसायका लागि सामुहिक वा पारिवारिक जमानीमा रु.२,००,०००। सम्म र धितोमा रु.१०,००,०००। सम्म मात्र लगानी गरिनेछ ।

३२. **सदस्य हित कार्यक्रमको निरन्तरता र सदस्य :** संस्थाले शेयर सदस्य सुरक्षा निर्देशिका बमोजिम सदस्य मृत्यु राहत अन्तर्गत शेयर पूँजीका आधारमा प्रदान गरिएको छ । यस बापत प्रत्येक सदस्यहरूले शेयर लाभांश कोष वा संरक्षित पूँजी फिर्ताकोषबाट प्राप्त रकमबाट वीमाको प्रिमियम तिर्ने व्यवस्था गरिनेछ । लघु ऋणी सदस्यहरूको ऋणको वीमा चालु आर्थिक वर्ष देखि अनिवार्य हुने गरी शुरु गरिने छ ।

३३. **पुरस्कार, शैक्षिक सम्मान तथा छात्रबृत्ति कार्यक्रम :** शेयर सदस्य, शेयर सदस्यका छोराछोरी तथा बाल सदस्यहरूलाई कक्षा १० देखि उच्च तह उत्तीर्ण गर्नेहरूमध्ये उत्कृष्टलाई पुरस्कार तथा उत्तीर्णलाई सम्मानको कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ । विशेष कार्यक्रम आयोजना गरी सम्मान कार्यक्रम हुने भएकोले परीक्षाफल प्रकाशित हुनासाथ सदस्य तथा सदस्यका छोराछोरीको शैक्षिक प्रमाणपत्रको छायाप्रति संस्थामा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौ । सर्वोत्कृष्ट शैक्षिक सम्मान प्राप्त गर्ने कक्ष तथा माध्यमिक तह उत्तीर्ण छात्रछात्रालाई विभिन्न विद्यालयहरूसँग समन्वय गरी छात्रबृत्तिको व्यवस्था मिलाउन पहल गरिनेछ ।

३४. **२७ औं स्थापना दिवस) तथा रक्तदान कार्यक्रम :** संस्थाको २७ औं वार्षिक स्थापना दिवसको अवसरमा हरेक वर्ष झैं यस वर्ष पनि स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै स्थापना दिवसको अवसरमा ६५ वर्ष माथिका जेष्ठ सदस्य सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

३५. संस्थागत विकासका लागि पाँच वर्षे व्यावसायिक योजनाको (२०८०–८४) समिक्षा तथा परिमार्जन गरिने छ।

३६. **संस्थाको भवन निर्माण** : ललितपुर महानगरपालिका वडा नं. ६ मा रहेको संस्थाको ०–११–३–२ (रोपनी) रहेको जग्गामा अघिल्लो साधारण सभाबाट भवन निर्माण गर्ने निर्णय भएता पनि सहकारी क्षेत्रमा देखिएको अस्थिर तरलताको कारण भवन निर्माण नगरेको जानकारी गराउछौ ।चालु आर्थिक वर्षमा बजार तथा तरलताको अवस्था हेरी भवन निर्माणकार्यको थालनी गरिने छ। भवन निर्माणका लागि सदस्य वा अन्य सहयात्रीबाट भवन निर्माण कोषमा योगदानका लागि अनुरोध गर्दछौं।

३७. **सहकारी एकीकरण** : यस गरीमामय साधारण सभाबाट टिकाभैरब नमुना कृषि सहकारी संस्था लि. र बौद्धिक उपभोक्ता सहकारी संस्था लि. बीच एकीकरण प्रस्ताव गरिएको र कार्यक्षेत्र भित्र तथा संस्थाको कार्यक्षेत्र संग कार्यक्षेत्र जोडिएका सहकारी संस्था एकीकरणका लागि छलफल अगाडी बढाइने छ। एकीकरणका लागि सम्भावित सहकारी संस्थाहरूसंगको छलफलको सकारात्मक भएमा आगामी साधारण सभामा एकीकरणका लागि प्रस्ताव गरिनेछ।

३८. संस्था सञ्चालन तथा व्यवस्थापनमा नयाँ प्रविधि तथा सुशासनका नयाँ अभ्यास सिकाइका लागि समिति तथा व्यवस्थापनलाई असल अभ्यास गर्ने सहकारी संस्थाहरूको अवलोकन भ्रमणमा सहभागि गराइने छ। असल अभ्यास गर्ने संस्थाहरू संग भगिनी सम्बन्ध स्थापना गरिने छ।

३९. कतिपय अवस्थामा सदस्यका अपेक्षाहरू संस्थाको नेतृत्व समक्ष नपुग्ने तथा संस्थाका नीति निर्देशिका तथा कार्यविधि, कार्यक्रमका बारेमा सदस्यहरूमा जानकारीको अभावले संस्थाको परिकल्पना नारामा मात्रै सिमित हुने अवस्थाको अन्त्य गर्न वर्ष भरीनै संस्थाका सदस्यहरू संग अन्तक्रिया तथा विस्तारित मञ्चको कार्यक्रम आयोजना गरिने छ।

४०. **बाल बचत क्लब, दिदी बहिनी क्लब तथा स्वंयसेवी समूह निर्माण तथा परिचालन** : सहकारी मुल्य मान्यतालाई विभिन्न क्लस्टर तयार गरी उमेर समूह, लैंगिक समूहहरूको निर्माण गरिने छ। त्यस्ता समूहको सहजीकरणका लागि स्वयंसेवी समूह मार्फत सहजीकरण गरी बचत प्रवर्धन, वित्तिय साक्षरता तथा प्रविधि सम्बन्धि विषयहरूमा अभिमुखिकरण गरिनेछ।

४१. **सदस्यलाई स्वास्थ्य सेवामा उपचार सहुतियत सम्बन्धि सहजीकरण कार्यक्रम** : यस कार्याक्रम अन्तर्गत संस्थाका सदस्यहरूलाई विभिन्न अस्पताल तथा स्वस्थ्य केन्द्रहरूमा उपचारमा सहुलियत प्रदान गर्नका लागि पहल गरी सम्झौता गरिने छ।

४२. **युवा नेतृत्व विकास तथा उद्यमशीलता गोष्ठीः** सहकारीलाई दीगो तथा सदस्य नियन्त्रित बनाउनको लागि सहकारी संस्थामा तत्काल उद्यमी युवाहरूका उपस्थिति गराउन अनिवार्यता रहेको छ। भावी नेतृत्व निर्माण, सुशासन युक्त ढंगले संस्था सञ्चालनका लागि युवा सहभागिता तथा स्वरोजगार तथा उद्यमी युवाहरूलाई हौसाला प्रदान गर्नको लागि १८ वर्ष देखि ४० वर्ष सम्मका १०० जना भन्दा बढी युवाहरूलाई नेतृत्व विकास गोष्ठीमा सहभागि गराइने छ।

४३. **हाम्रो साकोस हाम्रो सीप केन्द्र** : संस्थाका ७००० भन्दा बढी सदस्यहरूमा रहेको सीपलाई संस्थाका सदस्यहरूको सेवा तथा आयआर्जनका लागि उपयोग गर्ने नीति बमोजिम संस्थालाई सदस्यको सीप केन्द्रका रुपमा विकास गरिनेछ। यसका लागि सदस्यहरूलाई आ-आफ्नो शैक्षिक अवस्था, पेशा व्यवसाय, फोन, इमेल, व्यवसाय स्थल र सेवा प्रदान गर्न सकिने क्षेत्र तथा विशेष सीप सहित खुल्ने गरी

तय गरिएको सदस्य पहिचान फाराम तथा सदस्य सर्वेक्षण फाराम भरी बुझाउनुहुन अनुरोध छ ।

## हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड नै किन ?

१. ललितपुर जिल्लाको सदस्य तथा समुदाय केन्द्रित सहकारी संस्थाहरूमध्ये पुरानो संस्था,
२. विभिन्न पुरस्कार तथा सम्मान बाट सम्मानित,
३. भाखा नाघेको ऋण नियन्त्रण भित्र रहेको,
४. शनिबार सहित सार्वजनिक विदाका दिन समेत सेवा प्रदान गरीरहेको,
५. आधुनिक प्रविधि, मोबाइल बैंकिंग तथा एटिएम सेवा भएको सहकारी संस्था,
६. विषम परिस्थितिमा पनि लाभाँश प्रदान गरीरहेको,
७. वित्तिय अनुशासनका लागि PEARLS प्रणाली आवलम्बन गरेको,
८. आवश्यताका आधारमा विभिन्न नीति तथा निर्देशिकालाई साधारण सभाबाट पारित गरी ६ ओटा (संहिताबद्ध) नीतिहरूका आधारमा सञ्चालित
९. सस्थाका सदस्यहरू तथा समुदायका लागि नयाँ नयाँ तथा रचनात्मक कार्यक्रम गरीरहेको संस्था,
१०. बचत तथा ऋण सहकारी संस्थाहरूको वित्तिय सुरक्षाको कवचको रुपमा स्थापित स्थिरीकरण कोषमा राम्रो योगदान गरेको संस्था,
११. सदस्यहरूलाई गम्भिर दूर्घटना तथा जटिल रोगको लागि तथा मृत्यु हुँदा आफ्नो कोषबाट उपचार खर्च तथा काज किरिया खर्च उपलब्ध गराउने संस्था,
१२. ऋणीको मृत्यु भएमा परिवारलाई भार नपरोस भनेर ऋणीको वीमा गरेको संस्था,
१३. सदस्यहरूलाई तालिम सीपका माध्ययमबाट स्वरोजगार बनाउने संस्था ।

## सदस्यहरूमा अनुरोध

१. ऋण आवेदन गर्ने सदस्यको ऋण अभिलेखीकरण तथा दस्तावेज तयार गरी निर्णय पश्चात मात्र ऋण लगानी गर्ने भएकोले हरेक हप्ताको शुक्रबार सेवा केन्द्र उपसमिति, आइतबार ऋण उपसमितिको बैठक बसि निर्णय गरे पश्चात मात्र लगानी गर्ने भएकोले सोमबार देखि बिहिबार सम्म मात्र ऋण लगानी गरिने छ ।
२. हरेक महिनाको १ गते देखि २५ गते सम्म मात्र ऋण लगानी गरिनेभएकोले सोही बमोजिम ऋण कारोबारको लागि तयारी गरीदिनुहन अनुरोध छ ।
३. संस्थामा पासबुकको साटो मोबाइल बैंकिंग एप प्रयोग गरी संस्था संग आज भएको कारोबारको विवरण आज नै मोबाइल एपबाट रुजु गर्नुहुन अनुरोध छ ।
४. मोबाइल बैंकिंग एप प्रयोग कर्ता सदस्यहरूलाई पासवर्ड तथा पिन शेयर नगर्नुहुन, मोबाइल हराएमा तत्काल संस्थामा जानकारी गराउनुहुन अनुरोध छ । त्यसको दुरुपयोगका कारण भएको क्षति प्रति संस्था जवाफदेही हुने छैन ।
५. संस्थाबाट सदस्यले प्राप्त गर्ने जुन सुकै सेवा पनि मासिक बचत नगर्ने सदस्यहरूलाई उपलब्ध हुने छैन । भविष्यमा सदस्यको दुर्घटना तथा मृत्य जस्ता अप्रिय अवस्थामा समेत संस्थाले मासिक बचत नगर्ने सदस्यलाई सेवा दिन नसक्ने हुँदा हरेक महिनाको ५ गते भित्र मासिक बचत गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । तसर्थ ६ महिना भन्दा बढी मासिक बचत जम्मा नगर्ने सदस्यहरूलाई जति सक्दो चाँडो

कार्यलयमा उपस्थित भई बचत गर्नुहुन अनुरोध गर्दछौ ।

५. हाम्रो साकोसले ऋण लगानीको अभिलेख र दस्तावेजका लागि सफ्टवेयरको प्रयोग गरीसकेको र सफ्टवेयरमा सम्पूर्ण कागजात अपलोड नभई प्रिन्ट नै गर्न नमिल्ने भएकोले ऋणको कागजात पुगे पछि मात्र स्वीकृत हुने र स्वीकृत भई धितो रोक्का भएको १ कार्यदिन भित्र ऋण प्रवाह गरिनेछ।

६. काउन्टरमा कारोबार गर्न आउदा अनिवार्य पुराने बिल लिएर तथा कारोबार पछि बिल लिएर मात्र संस्थाबाट जानुहुन अनुरोध गर्दछौं । बचत ऋण कारोबारका बिलहरू सुरक्षित राख्ने बानीको विकास गरी असल वित्तिय विश्वासलाई पनि बचत गर्नहुन अनुरोध गर्दछौं ।

७. संस्थाका सबै सदस्यहरूको पेशा व्यवसाय तथा सेवाहरूको संस्थामा सूचिकृत गरी संस्थाका सदस्यहरू बीच नै सेवाको साटासाट गर्ने व्यवस्था मिलाउन तथा संस्थाका सदस्यको बिस्तृत अभिलेखका लागि व्यक्तिगत विवरण चुस्त दुरुस्त बनाउनका लागि चैत्र मसान्त भित्र सदस्यको व्यक्तिगत विवरण र हकवालाको विवरण सहितको विवरण सदस्य पहिचान फाराम भरी बुझाउनु हुन अनुरोध छ। विदेशमा भएका सदस्यका बारेमा सदस्यका परिवारका सदस्यले जानकारी दिनुहुन तथा उक्त मिति सम्म अपडेट नगर्ने सदस्यहरूलाई संस्थाका सेवाहरू प्रदान गर्दा अपडेट गरेका २ महिना पछि मात्र उपलब्ध गराइने छ।

८. जेष्ठ सदस्य तीर्थाटनका लागि सदस्य बनेको २ वर्ष नाघेका,एक पटक पनि तीर्थाटनमा सहभागि नभएका ६० वर्ष कटेका कम्तिमा ५,००० रुपैया शेयर खरिद गरेका र नियमित मासिक बचत जम्मा गरेका सदस्यहरूले मंसिर मसान्त भित्र नजिकको सेवा केन्द्रमा नाम दर्ता गराउनु हुन अनुरोध छ। तीर्थाटनमा संस्थाले १ दिनको यातायातको मात्र प्रबन्ध गर्ने छ।

९. संस्थाको ऋण कारोबार गर्ने क्रममा केही मालिकहरूले संस्थाको नीति नमान्ने, ऋणको किस्ता तिर्न अटेर गर्ने र किस्ता तथा ब्याज भूक्तानी समयमा नगर्ने जस्ता प्रवृति देखिएकोले यस्तो प्रवृति निराकरणका लागि संस्थाले कानूनी मार्ग अपनाउने व्यहोर जानकारी गराउछौ ।

१०. संस्थाबाट सदस्य हित सेवा लिएका सदस्यहरू कम्तिमा पाँच वर्ष सम्म नियमित कारोबार गर्नुपर्ने व्यहोरा जानकारी गराउन चाहान्छौं ।

११. संस्थाा सबै मापदण्ड पुगेका सदस्यहरूलाई यस वर्ष देखि ७ ओटा भन्दा बढी बाख्रा पाल्ने पहिलो आवेदन दिनेलाई सदस्यहरूलाई पहिलो प्राथमिकताका आधारमा २० जनालाई रु.१०,०००(दशहजार) रुपैया १ वर्षको लागि विना ब्याज सापटी ऋण उपलब्ध गराइने छ। यो कार्यक्रमबाट सदस्यको लघु व्यवसायमा रुची तर सफताको अध्ययन पश्चात अर्को वर्ष निरन्तरताको निर्णय लिइने छ।

१३. संस्थाका कार्यक्रम तथा सेवा सुविधा समयमा नै नपाएको सदस्यहरूको गुनासो सम्बोधनका लागि संस्थाका कार्यक्रमहरू क्यालेण्डरमा नै प्रकाशन गरिने, संस्थाको फेसबुक, वेवसाइट सूचना पाटी भाइबर कम्युनिटी तथा कर्मचारीको माध्ययमबाट सूचना लिनुहुन अनुरोध छ।

अन्तमा, साकोसको विकास र प्रगति भनेको नै सदस्यहरूको प्रगति र विकास हो । सदस्यहरूलाई वित्तिय साक्षरता, प्रविधि साक्षरता, वित्तिय प्रविधिको ज्ञान सीप तथा तालिम मार्फत सदस्यहरूलाई खुशी र सुखी बनाउनु नै हाम्रो साकोसको प्रमुख लक्ष्य हो । हाम्रो साकोसको स्थापनाकालीन ध्येय तथा उद्धेश्यलाई सदैव स्मरण गर्दै संस्थाको दूरदृष्टि दीगो साकोस समृद्ध सदस्यलाई सार्थक बनाउन लागिरहने छौं । त्यसका लागि

संस्थाको क्षमताले भ्याए सम्म लागि परिरहने छौं । संस्थाको आज सम्मको उन्नती र प्रगतिको जस तथा श्रेय सम्पूर्ण शेयर सदस्यहरूलाई दिन चहान्छौं । आज सम्म संस्थाको विकास र प्रगतिमा सहयोग, सद्भाव र माया गर्नुहुने नियामक निकाय, सहकारी संघहरू, सरोकारवाला निकाय, नियमित रुपमा बचत तथा ब्याज बुझाई सहयोग गर्नुहुने शेयर सदस्यहरू, संस्थालाई विशेष परिस्थितिमा मार्गदर्शन गर्नुहुने सल्लाहकारज्यूहरूका साथ सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै संस्था संगको नियमित र व्यवस्थित कारोबार गरी समुदायको उत्कृट तथा पहिलो रोजाइको सहकारी निर्माणमा लाग्न सम्पूर्ण सदस्यहरू, संस्थाको हित अनुकूल कार्य गर्न नेतृत्व तथा सुशासनमा आधारित दीगो सहकारी निर्माणका लागि नीतीका आधारमा कार्य गर्न व्यवस्थापनमा आवद्ध सबैमा हार्दिक आव्हान गर्दछु ।

**जय हाम्रो सहकारी**

शम्भुप्रसाद फुयाल
अध्यक्ष

स्थानः संस्थाको मुख्य कार्यालय

ललितपुर म.न.पा. ६ लगनखेल, ललितपुर ।

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २६औं साधारण सभा २०८१ मा सञ्चालक समितिका तर्फबाट सचिव हरिप्रसाद बजगाईंद्वारा प्रस्तुत प्रतिवेदन

हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.को गरीमामय छब्बिसौं साधरण सभाका सभापति एवं संस्थाका अध्यक्षज्यू हाम्रो निमन्त्रणालाई स्वीकार्दै आफ्नो अमूल्य समय प्रदान गर्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुहुने विशेष अतिथिज्यू तथा विभिन्न संघसंस्थाबाट पाल्नुभएका अतिथि महानुभावहरू, हाम्रो संस्थालाई यस उचाइमा पुऱ्याउने सम्पूर्ण आदरणीय शेयर सदस्य महानुभावहरू, विभिन्न समिति र उपसमितिका पदाधिकारीहरू, संस्थाका कर्मचारीहरू तथा पत्रकार मित्रहरूका साथै संस्थाका शुभेच्छुक महानुभावहरूमा सर्वप्रथम संस्थाका तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागतसहित सहकारी अभिवादन गर्दछु। विगत २५ वर्ष देखि निरन्तर संस्थाको विकास तथा उन्नति प्रगतिमा हातोमालो गर्दै सहयोग तथा सद्भाव राख्नुहुने सबै शेयर सदस्य तथा शुभेच्छुकहरूमा  हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछौं।

विक्रम सम्वत २०५५ साल फागुन १३ गते डिभिजन सहकारी कार्यालय ललितपुरमा दर्ता भएपश्चात निरन्तर रुपमा सदस्य केन्द्रित भएर सञ्चालित यस संस्थाले दिगो साकोस समृद्ध सदस्य भन्ने दुरदृष्टिलाई आत्मसाथ गर्दै सदस्य सेवामा पूर्ण रुपमा समर्पित भई सञ्चालित भएको छ। संस्था स्थापनाको २६ औं वर्षको यात्रा सम्म आईपुग्दा राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रमले देशको अर्थतन्त्रमा आएका उतारचढावहरूले संस्थालाई विभिन्न सिकाइहरूको अवसर प्रदान गरेको छ। कोभिड १९ को प्रभावले देशको अर्थतन्त्रलाई शिथिल बनाउने क्रममा वित्तिय प्रविधिको अवसर प्राप्त भयो । त्यसैगरी विश्वव्यापी मूल्यबृद्धि तथा आर्थिक गतिविधिमा आएको शिथिलताका कारण बजारमा व्यापक तलता अभावको असरले वित्तिय कारोबार गर्ने सहकारी संस्थाहरू सुशासनमा रहेर कारोबार गरेमा मात्रै वित्तिय स्थिरता प्राप्त गर्न सकिने सिकाइ प्रदान गरेको छ।

आदरणीय सदस्यहरू,

सहकारी क्षेत्रमा देखिएको विषम परिस्थितिका बाबजुद संस्थाका सदस्यहरूको विश्वास र भरोसाका साथै अधिकतम शेयर सदस्यहरूले आफ्नो बचत ब्याज र किस्ता नियमित रुपमा बुझाएर आर्थिक वर्ष २०८०।८१ लाई साल तमामी गर्न सहयोग गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहान्छु । संस्थाले संस्थागत सुशासन तथा दीगोपनका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेडसंग संझौता गरी एसियाली

ऋण महासंघ (ACCU) ले विकास गरेको ACCESS ( A One competitive choice for excellence service and soundness) कार्यक्रममा सहभागि भएको छ । कठोर वित्तिय अनुशासनका लागि नीति, बिधि र प्रविधिमा आधारित रहि संस्था सञ्चालन गर्न संस्थाका संस्थागत त्रियाकलाप, संस्थाले गत आ.व.मा सम्पन्न गरेका कार्यक्रमहरूका साथै प्रस्तावित कार्यत्रमका सन्दर्भमा सदस्यहरूबाट सकारात्मक तथा आलोचनात्मक सुझावहरूको अपेक्षा सहित प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चहान्छु ।

## १. संस्थाको वर्तमान अवस्था

- शेयर सदस्य संख्या ७,२२५
- ऋणी सदस्य संख्या २०३४
- कार्यक्षेत्र उपत्यकाका ३ जिल्लामा सेवा केन्द्र संख्या ३
- कर्मचारी संख्या २६
- सञ्चालक समिति संख्या १३
- लेखा सुपरिवेक्षण समिति संख्या ३
- सल्लाहकार संख्या ५
- सेवा केन्द्र उप समिति संख्या ३

## २. आर्थिक वर्ष २०८०।८१ मा संस्थाका समिति र उपसमितिहरूको बैठकको विवरण ।

| क्र.सं. | समिति/उप समिति | बैठक संख्या | क्र.सं. | समिति/उप समिति | बैठक संख्या |
|---|---|---|---|---|---|
| १ | साधारण सभा | १ | ६ | शिक्षा उपसमिति | १ |
| २ | सञ्चालक समिति | १६ | ७ | महिला उप समिति | १ |
| ३ | लेखा तथा सुपरिवेक्षण समिति | ३ | ८ | युवा उपसमिति | २ |
| ४ | पदाधिकारी | ४ | ९ | पदपुर्ति उपसमिति | २ |
| ५ | ऋण उपसमिति | २९ | १० | एक्सेस कार्यदल | १ |
| ६ | सेवा केन्द्र उप समितिहरू | २६ | | | |

## ३. संस्थाले विगत ५ वर्षमा गरेको कारोबार तथा गतिविधिको समिक्षा

सदस्य महानुभावहरू,

विगत ५ वर्षदेखि संस्थाका मुख्य आर्थिक सूचक वृद्धिको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| आ.ब. | ०७७ असार ३१ | ०७८ असार ३१ | ०७९ असार ३१ | ०८० असार ३१ | ०८१ असार ३१ |
|---|---|---|---|---|---|
| सदस्य | ५४३४ | ५९५८ | ६८३४ | ७०३० | ७२२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| शेयर पूँजी | १४०६४००० | १४६५७९००० | १५९७९६००० | १६०८००००० | १६१५८६२००.०० |
| बचत | ९७५३८४९११ | ११२५२८७४५८ | ११५१६११६७० | १,१४३,९४८,८८२ | १२९१६४९८१७ |
| कर्जा लगानी | १०५८०५४१९९ | ११९०३७२११२ | १४२७५३०१८५ | १,२६८,३७७,२७४ | १२११९२५६७३ |
| कूल सम्पत्ति | १३५७८५३४२७ | १४८९७०४३०० | १७५०५०२४४६ | १,७२६,१५०,९५१ | १७६३१९६४२८ |
| साधारण सभा | २०७७।०८।०४ | २०७८।०८।१० | २०७९।७।२७ | २०८०।०६।२६ | २०८१।०७।१० |

## ४. कार्यालय व्यवस्थापन

संस्थाको दैनिक कार्य सञ्चालनका लागि २६ जना कर्मचारी कार्यरत छन । चालु आर्थिक वर्षमा २ ओटा संस्था एकीकरण भई उक्त संस्थाको कार्यालय रहेको स्थानमा सेवा केन्द्रलाई प्रभावकारी सेवा प्रदान गर्नको लागि थप कर्मचारी आवश्यक भएमा सोही बमोजिम ब्यवस्था गरिने छ । साधारण सभाले पारित गरेको कर्मचारी प्रशासन नीति बमोजिम आवश्यकता अनुसार निर्देशिका बनाएर कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ । नीति तथा कार्यबिधि बाहिर गएर गरेका कार्यहरूको जिम्मेवारी स्वयं कर्मचारीको हुनेछ । कार्यबिधि भित्र रहेर गरेका कार्यहरूको जिम्मेवारी तथा जवाफदेहिता सञ्चालक समितिको रहने छ । यसका लागि निम्नबमोजिमका व्यवस्थाहरू मिलाइएको छ ।

१. सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतले सबै कर्मचारीको मासिक ब्यक्तिगत कार्य तथा जिम्मेवारी सहितको कार्यविवरण दिने,
२. सबै सेवा केन्द्र प्रमुख र विभागीय प्रमुखको बैठक त्रैमासिक रुपमा बसेर सिकाई आदान प्रदान गर्ने,
३. सदस्य संख्या तथा कारोबारको भारका आधारमा मात्र कर्मचारी व्यवस्थापन गर्ने ,
४. कर्मचारीको स्व–मूल्याङ्कन तथा कार्य सम्पादन मूल्याङ्कन हरेक वर्षको श्रावण १५ गते भित्र भरेर प्रमुख कार्यकारी अधिकृत समक्ष बुझाउने र उक्त फारामको मूल्याङ्कन गरी सञ्चालक समितिको बैठकबाट उत्कृष्ट कर्मचारी छनौट गर्ने,
५. संस्थामा सबै कर्मचारीहरूको तलब बाट ११ प्रतिशत र संस्थाले २० प्रतिशत योगदान गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको,
६. नयाँ कर्मचारी नियुक्तीको आधार (Organization and Management survey) का आधारमा गरिने गरिएको छ । पदपूर्ति उपसमितिले कर्मचारी छनौटका लागि लिखित, मौखिक र प्रयोगात्मक परीक्षा लिएर मात्र नियुक्ती गरिने अभ्यास रहेको छ ।

## ४. संस्थागत नीति तथा कार्यबिधिहरू

संस्था सञ्चालनका लागि आवश्यक नीति , कार्यबिधि तथा निर्देशिकाहरू सञ्चालक समितिमा व्यापक छलफल गरी समितिले साधरण सभामा पेश गरी साधारण सभाबाट पारित गरिने छ । यसै नीति तथा कार्यबिधिहरूको अधिनमा रहि संस्था सञ्चलन गर्ने काम प्रशासन पक्षको रहनेछ । कार्यबिधि भित्र रहेर गरेका सम्पूर्ण कार्यको पूर्ण जिम्मेवारी तथा जवाफदेहिता सञ्चालक समिति पक्षको रहनेछ । संस्था सञ्चालनका लागि तयार गरिएको

विभिन्न नीति तथा निर्देशिकालाई एकीकृत गरी देहाय बमोजिमका नीति तथा निर्देशिकाका संहिता निर्माण गरी लागु गरिएको छ ।

- आर्थिक प्रशासन विनियमावली
- कर्मचारी प्रशासन विनियमावली
- व्यवसाय सञ्चालन नीति
- संस्थागत संरचना तथा सुशासन नीति
- सदस्य सेवा नीति
- जोखिम व्यवस्थापन तथा सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धि नीति

## ५. कर्जाका शीर्षकहरू

- कृषि
- लघुउद्यम
- आवास
- व्यवसायिक
- सवारी
- शैक्षिक
- बैदेशिक रोजगारी
- स्वरोजगार
- घरायसी कर्जा
- सुविधा कर्जा
- बचत तथा निक्षेप कर्जा
- कर्मचारी कर्जा
- आवश्यकताका आधारमा अन्य कर्जाहरू

## ६. बचतका शीर्षकहरू

- मासिक नियमित बचत
- साधरण बचत
- नमुना बचत
- दैनिक बचत
- खुत्रुक्के बचत
- नारी बचत
- थैली बचत
- पेन्सन बचत
- आवधिक बचत
- अक्षय कोष बचत
- अन्य बचतहरू

## ७. सेवा केन्द्र व्यवस्थापन

सेवा केन्द्र व्यवस्थापनका लागि संस्थाको व्यवसाय सञ्चालन नीति बमाजिम सदस्य संख्या कारोबार र भौगोलिक आवश्यकता बमोजिम ३ देखि ५ जना सम्मको सेवा केन्द्र व्यवस्थापन उप समिति गठन गरिएको छ। उक्त उपसमितिले रु.१५०००००। (पन्ध्रलाख) सम्मको ऋण लगानी, ऋण असुली सेवा केन्द्रको रेखदेख, अनुगमन तथा सेवा केन्द्र स्तरीय कार्यक्रमहरू व्यवस्थापन गर्नेछ।

## ८. आन्तरिक नियन्त्राण

१. प्रत्येक महिना सेवा केन्द्र व्यवस्थापन उपसमिति प्रमुखले त्यस सेवा केन्द्रको बैंक सामाधान विवरण, भल्ट निरिक्षण, काउण्टर नगद निरिक्षण, ऋण सदुपयोगिताको अनुगमन गरिने,
२. प्रत्येक महिना हरेक सेवा केन्द्र व्यवस्थापन उपसमितिले बचत पासबुक सफ्टवेयर बमोजिम रुजु भए नभएको परिक्षण गर्ने,
३. विभागीय प्रमुखबाट सेवा केन्द्रको व्यवस्थापन निरिक्षण गर्ने,
४. हरेक महिना भाखा नाघेको ऋणको एजिङ्ग रिपोर्ट तयार गरी सम्बन्धित विभागमा छलफल गरी पदाधिकारी तथा समितिमा छलफल गर्ने,
५. सञ्चालक समितिको बैठक मासिक रुपमा बसि व्यवस्थापन प्रतिवेदनमा जोखिम सम्बन्धि विषयमा छलफल हुने गरेको,
६. लेखा समितिको बैठक त्रैमासिक रुपमा बसि आवश्यक सरसल्लाह र सुझावहरू प्राप्त हुने गरेको,
७. लेखा परिक्षकबाट प्राप्त निरिक्षण प्रतिवेदन लाई व्यवस्थापन र सञ्चालक समितिमा छलफल भई कार्यान्वयन हुने गरेको।
८. नेफ्स्कुनबाट एक्सेस अनसाइट भिजिट गरी संस्था व्यवस्थापन सम्बन्धि भए गरेका गल्तीहरू व्यवस्थापनबाट तत्काल करेक्सन गर्नु, एक्सेस कार्यदलको बैठक बसि व्यवहारिक र नीतिगत सुधारका लागि समिति समक्ष सुझाव पेश गरी समितिबाट कार्यान्वयनका निर्णय गर्ने गरेको।

## ९. सदस्य हित कार्यक्रम

आर्थिक वर्ष २०८०।८१ मा संस्थाले सदस्य हित कार्यक्रम अन्तर्गत देहाय बमोजिमका सेवाहरू प्रदान गरेको छ।

- काजकिरिया खर्च
- प्राण घातक रोग उपचार सहयोग
- गम्भिर दुर्घटना उपचार सहयोग
- सुत्केरी पोषण खर्च वितरण
- परिवार नियोजन उत्प्रेरणा
- प्राकृतिक तथा दैवी प्रकोप सहयोग

## १०. गत आर्थिक वर्ष २०८०।८१ मा सम्पन्न गरिएको सदस्य तथा समुदाय केन्द्रित कृयाकलापहरू :

१. २०८० साल असोज १३ गते यस संस्थाको आयोजनामा संस्थाका सदस्य तथा सदस्यका छोराछोरीहरूलाई २०७९ सालको SEE भन्दा माथिका सबै तहका परीक्षा उत्तिर्ण हुने २०० भन्दा बढी बिद्यार्थीहरूलाई शैक्षिक सम्मान गरी सम्पन्न गरीयो ।

२. **शेयर सदस्य हित कार्यक्रम कार्यान्वयन** : संस्थाले सदस्य हित कार्यक्रम निर्देशिका बमोजिम सदस्य बनेका २ वर्ष पूरा भएका मासिक बचत नियमित भएका तथा भाखा ननाघेका सदस्यहरूलाई गम्भिर रोग तथा दुर्घटना उपचार सहयोग, सदस्य मृत्यु राहत तथा सदस्य उपचार कर्जा उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गरेको छ ।

३. **रजत जयन्ती समापन कार्यक्रम** : संस्थाको संस्थापनाको २५ औं वर्ष पुरा गरी २६ औं वर्षमा प्रवेश गरेको अवसरमा संस्थाले २०८० साल फागुन १३ गते सामाजिक कल्याण कार्यक्रम अन्तर्गत ललितपुर ठैबमा अवस्थित मामाघर आश्राममा रहेका ७१ जना बालबालिका (जाजरकोट भूकम्पमा परि बाबुआमा गुमाएका बालबालिका सहित) लाई स्कूल ब्याग तथा स्टटेशनरी उपलब्ध गराई रजत वर्ष समापन गर ियो ।

४. **रक्तदान कार्यक्रम** : संस्थाको २५ औं स्थापना दिवसको अवसरमा २०८० साल माघ २० गते श्री सरस्वती विद्याश्रम मा.वि. चन्दनपुर ललितपुरको स्वर्ण महोत्सव कार्यक्रमको अवसरमा विद्यालय तथा यस संस्थाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरी सफलता पूर्वक सम्पन्न गरीयो । कार्यक्रममा ५१ जना रक्तदाताले रक्तदान गर्नु भएको थियो ।

५. **स्वरोजगारका लागि सीप कार्यक्रम** : संस्थाले २५ औं स्थापना दिवसको अवसरमा २०७९ फागुन १३ गते संस्थाको रजत जयन्तीको अवसरमा संस्थाले शुभारम्भ गरेको सीपका लागि स्वरोजगार कार्यक्रम शुभारम्भ गरीयो । यस आर्थिक वर्ष २०८०।८१ सम्ममा कार्यक्रम अन्तर्गतका सफा टेम्पो ड्राइभिङ तालिम लिई १७ जना स्वरोजगार बन्न सफल हुनु भएको छ ।

६. **एटिएम तथा वित्तिय प्रविधिको प्रयोग** : संस्थामा समय सापेक्ष विभिन्न वित्तिय प्रविधि तथा औजारहरू प्रयोगमा ल्याइएको छ । मोबाईल बैंकिंग मार्फत युटिलिटि पेमेन्ट तथा टप अप, बैंक ट्रान्सफर, इ-सेवा तथा लोड खल्ती गरी उक्त एप मार्फत हुने सबै कारोबार हुने व्यवस्था गरिएको छ । राष्ट्रिय सहकारी बैंक संगको सहकार्यमा एटिएम (कोप कार्ड) सञ्चालनमा ल्याइएको छ ।

७. **रेमिटेन्स कारोबार** : संस्थाका सबै सेवा केन्द्र तथा मुख्य कार्यालयबाट रेमिटेन्स सेवा प्रदान गरिएको छ । हाल आइएमइ, हिमाल, सिटि एक्सप्रेस तथा वेस्टर्न युनियनका सेवाहरू उपलब्ध छन । संस्थाबाट आइएमइ पे मार्फत हुने सेवाहरू समेत नियमित प्रवाह गरेको छ ।

८. **जेष्ठ सदस्य तीर्थाटन कार्यक्रम** : सदस्यहरूले लामो समय सम्म गरेको मासिक बचतलाई सदस्य हितमा नै उपयोग गर्न संस्थाले संस्थाका जेष्ठ सदस्यहरूलाई २०८० चैत्र २४ देखि २६ गते सम्म सिन्धुली, जनकपुरधाम, बराहक्षेत्र, धरान लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रको तीर्थाटन कार्यक्रम सम्पन्न गर ियो । कार्यक्रममा ८१ जनाको सहभागिता रहेको थियो ।

९. **विद्यालय तथा समुदायमा वित्तिय साक्षरता कार्यक्रम** : संस्थाले ललितपुर जिल्ला महाँकाल गाउपालिका वडा नं १ का महिला सदस्यहरू बीच कालीदेवी मा.वि. बुखेलमा सदस्य अन्तरक्रिया तथा वित्तिय साक्षरता कार्यक्रम सम्पन्न गरिएको थियो । यसै गरी बुद्ध माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीहरू लाई वित्तिय साक्षरता प्रदान गरिएको थियो ।

१०. **स्मार्ट सर्भिस** : नीजि सवारीको ब्लुबुक नवीकरण तथा कर भुक्तानी सेवा : संस्थाले स्मार्ट सर्भिस प्रा.लि. सँगको सहकार्यमा दुई पाँग्रे तथा चार पाँग्रे सवारी साधनको कर भुक्तानी तथा ब्लु बुक नवीकरण सेवा संस्थाको मुख्य कार्यालय तथा सेवा केन्द्र मार्फत प्रदान गर्ने कार्य शुरु गरेको छ। न्युनतम शुल्कमा प्रदान गरिने यस सेवाले सदस्यलाई सवारी कर भूक्तानीमा अत्यन्त सहज बनाएको छ। यस वापतको शूल्कमा थप रु.१००। शुल्क तिरेमा दुर्घटना विमा र दुर्घटना हुँदा हस्पिटलमा बिरामी कुरुवा राख्ने ब्यवस्था गर्ने सम्झौता गरिनेछ।

११. **वित्तिय प्रविधि हाजिरी जवाफ प्रतियोगिता** : संस्थाले महाँकाल गाउपालिकामा रहेका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू बीच मिति २०८१ जेष्ठ ११ गते वित्तिय प्रविधि हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ। ७ ओटा विद्यालयहरू सहभागि रहेको कार्यक्रममा देहाय बमोजिमका विद्यालयका विजयी विद्यार्थीहरूलाई नगद पुरस्कार, प्रमाण पत्र, मेडल र विद्यालयलाई ट्रफि का साथै प्रथम हुने विद्यालयलाई रनिङ शिल्ड प्रदान गरिएको थियो।

| क्र.सं. | विद्यालयको नाम | ठेगना | पुरस्कार |
|---|---|---|---|
| १ | बुद्ध भगवान मा.बि | मानिखेल | प्रथम |
| २ | हिलसाइड बोर्डिङ स्कूल | गोटिखेल | द्वितीय |
| ३ | महेन्द्र मा.वि | ठुलादुर्लुङ्ग | तृतीय |
| ४ | सरस्वती विद्याश्रम मा.वि | चन्दनपुर | सान्त्वना |

१२. SEE /SLC **दिएर बसेका विद्याथीहरूलाई** Career Counseling workshop **कार्यक्रम** : संस्थाले २०८१ जेष्ठ २६ गते Career Counseling workshop सम्पन्न गरेको छ। उक्त कार्यक्रममा SEE र कक्षा १२ को परीक्षा दिएर वसेका २०० भन्दा बढी सदस्यका छोराछोरी तथा समुदायका विद्यालयका विद्यार्थीहरू सहभागि भएका थिए। कार्यक्रममा बरिष्ठ मोटिभेसनल स्पीकर डा. तारा प्रसाद गिरीले र अर्जुन चापागाईले करिअर तथा नेतृत्व विकासका विषयमा प्रस्तुती गर्नुभएको थियो।

१३. **सहकारी सञ्जालमा आवद्धता**: संस्थाले राष्ट्रिय, प्रादेशिक तथा जिल्ला स्तरीय सञ्जालमा निरन्तर सहभागिता जनाएको तथा नेतृत्वमा सहभागि भएको छ। हाल निम्नानुसारको अभियानका संघहरूमा सदस्यता प्राप्त गरेको छ

- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड
- राष्ट्रिय सहकारी बैंक लिमिटेड
- बागमती प्रदेश सहकारी संघ लि.
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड
- जिल्ला सहकारी संघ ललितपुर
- ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

१४. **समुदाय तथा विद्यालयमा वित्तिय साक्षरता तथा सहकारी सम्वाद** : संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रहेका समुदाय, विद्यालय तथा सामाजिक संस्थाहरूमा आवद्ध व्यक्तिहरूलाई वित्तिय सचेतना तथा सहकारी सम्बादका कार्यक्रमहरू आयोजना गरिएको थियो। महाँकाल गाउपालिका –१ बुखेलमा रहेको

महिला समूह, श्री बुद्ध मा.वि. टिकाभैरब र नेपाल रेडक्रस सोसाइटीका युवा रेडक्रस कमीहरूसंग यस्ता सम्वाद कार्यक्रमहरू सम्पन्न गरीयो ।

**१५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सिकाई, तथा अवलोकन भ्रमणमा सहभागिता**

| तालिमको नाम | तालिम दिने संस्था | तालिममा सहभागि/संख्या |
|---|---|---|
| ACCU Forum 2023 मा सहभागिता | एशियाली ऋण महासंघ | अध्यक्ष/ प्रमुख कार्यकारी अधिकृत |
| साकोस अध्यक्ष गोष्ठी | ल.पु जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | शम्भु प्रसाद फुयाल |
| साकोस अभियानको नेतृत्व पुनजागरण कार्यक्रम | नेफ्स्कुन | बिदुर तिमल्सिना<br>कमल तिमल्सिना<br>अञ्जु लामिछाने<br>बद्रि प्रसाद सञ्जेल |
| Cooperative Governance for the CEOS and Senior Excutive ane rural Financing. | NCUI,CICTAB , West Bengal State Coperative Union. | हरिप्रसाद बजगाइ (सचिव)<br>इन्द्र घिमिरे |
| Cooperative Study Exposure | National Credit Union Of BanGladesh | श्यामकृष्ण घिमिरे |
| Cooperative Strategic Management | IFFCO | बिदुर प्रसाद तिमल्सिना<br>दिपेन्द्र घिमिरे |
| सहकारीमा असल अभ्यास एक दिवशीय सिकाई कार्यक्रम | कल्याणकारी साकोस, हाम्रो साकोस र मनकामना साकोस | उच्च व्यवस्थापन र सञ्चालक जनउत्थान सहकारीका व्यवस्थापक श्री रणबहादुर थापाबाट सहजीकरण |
| बागमती प्रदेश साकोस समिट | बागमती प्रोस्कुन | बिदुर प्रसाद तिमल्सिान<br>कमल प्रसाद तिमल्सिना<br>अशोक केसी |
| FI Business Simulation Game Programme. | नेफ्स्कुन | इन्द्र घिमिरे |
| CULEG M Credit Union Level Of Excellecnies in Governance, | नेफ्स्कुन | इन्द्र घिमिरे |

| | | |
|---|---|---|
| लेखा सुपरिवेक्षणको राष्ट्रिय गोष्ठी | नेफ्स्कुन | गोपाल प्रसाद दाहाल |
| रिपोटिंङ्गका सम्बन्धमा सहकारी संस्थाको सहभागितामा आयोजित अन्तक्रिया कार्यक्रम | नेपाल राष्ट्र बैंक<br>वित्तिय जानकारी इकाइ | प्रमोद लामा |
| Business Development Training. | नेफ्स्कुन | प्रमोद लामा |
| First Cooperative Digital Conclave. | NCF | इन्द्र घिमिरे |
| व्यवस्थापकको क्षमता अभिबृद्धि तालिम | | दिपेन्द्र घिमिरे |
| आधारभूत सहकारी व्यवस्थापन तालिम | | सम्भना भट्टराई |
| सहकारी व्यवस्थापकको क्षमता अभिबृद्धि तालिम | NCBL | निरजकुमार घिमिरे |
| सुरक्षित कर्जा लगानी र असुली प्रक्रियामा कानुनी विषयक तालिम | ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | परमेश्वर सापकोटा |
| सहकारी लेखा पालन तालिम | प्रोस्कुन | निरजकुमार घिमिरे |
| धितो मूल्याङ्कन तथा ऋणको कानूनी पक्ष | NCBL | परमेश्वर सापकोटा<br>निरज कुमार घिमिरे<br>मनोज दाहाल |

१६. **संस्थाको २५ औं वार्षिक साधारण सभा २०८० का निर्णयको परिपालनाको अवस्था**

- साधारण सभाबाट पारित शेयर लाभाँश र संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण,
- साधारण सभाबाट पारित नीतिबमोजिम संस्थाको खर्च भएर बाँकी रहने कोषहरूको रकम जगेडा कोषमा समायोजन गरिएको,
- गत वर्षको साधारण सभाबाट विभिन्न २० भन्दा बढि नीति, कार्यबिधि तथा निर्देशिकाहरूलाई विषयबस्तु सापेक्ष हुने गरी जम्मा ६ ओटा नीति संहिताको रुपमा संहिताबद्ध गरी लागु गरिएको,
- २५ औं वार्षिक साधारण सभाबाट पारित नीति बमोजिम लघु ऋण लिने ऋणीहरूको ऋणको विमा गरिएको,
- संस्थाबाट ऋण लिई समयमा ऋणको किस्ता तथा ब्याज भुक्तानी नगर्ने खराब ऋणको सूचिमा परेका सदस्यहरूको ऋण सुरक्षण वापत लिएको धितो लिलाम सकार गरी ऋण असुली गरिएको,

- साधारण सभाको निर्णय बमोजिमका सदस्य तथा समुदाय केन्द्रित शिक्षा तालिम, सदस्य तीर्थाटन भ्रमण, रक्तदान, वित्तिय साक्षरता हाजिरी जवाफ प्रतियोगिता, करिअर काउन्सिलिङ., स्वारोजगारीका लागि सीप लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको ।

## १६. नियमित मासिक बचत कहिले निकाल्न मिल्दछ ?

संस्थामा आवद्ध सदस्यहरूलाई बचतको बानी बसाल्न, आफ्नो स्व पूँजी निर्माण गर्न तथा भविष्यमा पर्ने अकल्पनीय समस्याहरू संग जुध्नको लागि नै अनिवार्य रुपमा नियमति मासिक बचतको शुरुवात भएको हो । मासिक बचत सदस्य कायम हुने समय सम्म अनिवार्य गर्नु पर्ने छ । तर सदस्य आफैलाई किड्नी फेल भएमा, ब्रेन ट्युमर भएमा, मुटुको रोग लागि अपरेशन गर्नु परेमा, क्यान्सर जस्ता प्राण घातक रोग लागेको अवस्थामा वा पारिवारिक अपहेलनाको अवस्थामा जीवन गुजाराका लागि शेयर सदस्य कायम रहेर नै नीजको शेयर १००००। र मासिक बचत १०,०००। न्यूनतम मौज्दात राखेर अरु बाँकी रकम भिक्न पाउने व्यवस्था मिलाईने छ । यस्ता सदस्यले पुन संस्थामा रहुन्जेल मासिक बचत गर्नु पर्नेछ । पुन नियमित बचत नगरेमा यस्ता सदस्यहरूले सदस्य हित कार्यक्रम र अन्य सेवाहरू प्राप्त गर्ने छैनन । नियमित तथा मासिक बचत २ लाख रुपैया भन्दा बढी भएमा त्यस्तो रकम निकाल्न पाउने र त्यस्ता सदस्यहरूले नियमित रुपमा पेन्सन बचत लगायतका ५ वर्षे अवधिका बचतमा जम्मा गर्न पाउने व्यवस्था गरिने छ ।

गत वर्ष सम्पन्न २५ औ वार्षिक साधारण सभामा जेष्ठ सदस्यहरूले युवा अवस्थामा दुख गरेर जम्मा गरेको रकम बुढ्यौलीको साहाराका लागि मासिक बचत र शेयर आँशिक रुपमा लिनको लागि दिएको सुभाव बमोजिम ६५ वर्ष काटेका सदस्यहरूले रु.१००००।- रुपैया शेयर तथा नियमित मासिक बचत रु.१००००।- बाँकी राखेर अवकास जीवनको लागि तीर्थाटन लगायतका धार्मिक साँस्कृतिक मनोरन्जनात्मक कार्यक्रममा सहभागिताका लागि अन्य बचत खातामा सार्न सक्ने व्यवस्था गरिने छ । तर ऋण सुविधा उपभोग गरेको अवस्थामा मासिक बचत फिर्ता गरिनेछैन ।

## १७. सदस्यता सम्बन्धि नीति तथा मासिक बचत सम्बन्धमा

संस्थाको सदस्य बन्नको लागि २५ औं वार्षिक साधारण सभाबाट पारित सदस्यता नीति तथा नियमित बचतको रकम सम्बन्धि व्यवस्था यथावत कायम गरिएको छ । संस्था एकीकरण भई थप हुन आउने सदस्यको हकमा एकीकरण हुने संस्थामा सदस्यहरूले खरीद गरेको रकम बराबर नै शेयर समायोजन गरी नियमित बचत गर्ने व्यवस्था कायम गरिनेछ । नयाँ सदस्यको मासिक बचत कम्तिमा ३०० देखि अधिकतम रु. ५,०००।- सम्म कायम गरिनेछ । संस्था एकीकरण पश्चात कायम भएका सदस्यको यसअघि कुनै संस्थामा गरेको वा नगरेको जे सुकै भएमा २०८१ माघ १ गते बाट नियमित बचत अनिवार्य गरिने छ ।

## १८. ऋण व्यवस्थापन र शेवा शुल्क सम्बन्धमा

- संस्थाको कूल ऋण लगानीको अधिकतम १ प्रतिशत रकम सम्म सञ्चालक समितिले समयमा समयमा तोकेको न्यून ब्याजदरमा, स्टार्ट अप बिजिनेश, स्वारोजगारी तथा आम सर्वसाधरणको अत्यावश्यक सेवा प्रदान गर्दै रोजगारी समेत सिर्जना गर्ने क्षेत्रहरूमा लगानी गरिने छ । तर यस्तो लगानी सदस्यको

वित्तिय तथा चारित्रिक अनुशासन लगायतका विषय अध्ययन गरेर मात्र गरिने छ।

- चालु आर्थिक वर्षको माघ १ गते देखि एक पटक तोकिएको किस्ता तथा ब्याज (इएमआइ बमोजिमका ऋणमा मात्र), तोकिएको इएमआई तालिका बमोजिम तिर्ने सदस्यलाई अर्को ऋण लगानी गर्दा ०.५ प्रतिशत सेवा शुल्क छुट दिइने छ।
- हरेक तीन तीन महिनामा ऋणको ब्याजदर बजार स्थितिलाई विश्लेषण गर्दै सञ्चालक समितिको बैठकको निर्णयबाट समय सापेक्ष निर्धारण गरिने छ। यसरी ऋणको ब्याजदर समायोजन गर्दा नयाँ र पुरानो दुबै ऋणको समायोजन गरिने छ।

अन्तमा,

संस्था व्यवस्थापनका लागि सञ्चालक समितिलाई साथ सहयोग गर्नु हुने सबै सदस्यहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं। संस्थालाई नीति, विधि र प्रविधिका आधारमा समूदायको उत्कृष्ट सहकारी बनाउने प्रतिबद्धता सहित यस कार्यमा सदस्यबाट संस्थासँगको कारोबारमा थप योगदानको अपेक्षा लिएका छौं। संस्थालाई अघि बढाउने क्रममा सुझाव सल्लाह प्रदान गर्नु हुने सल्लाहकारज्यूहरू, सरकारी तथा सहकारी निकायहरू, नेफस्कुन, बागमती प्रोस्कुन, राष्ट्रिय सहकारी बैंक, , विषयगत तथा छाता सहकारी संघका पदाधिकारीहरूका साथै संस्थासँग सहकार्य गर्ने सहकारी संस्थाहरू र सामाजिक उत्तरदायित्व वहनका क्रममा सहयोग र सद्भाव राख्ने सबै व्यक्ति तथा संस्थाहरूप्रति सहयोग र सहकार्यका लागि आभारी छौ। संस्थाको विभिन्न स्थानमा आयोजना गरिएको सम्मानित सभामा उपस्थित भई सभाको शोभा बढाइदिनु हुने प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिगण, सल्लाहकार, पत्रकार मित्रहरू, सुरक्षाकर्मी, शेयर सदस्य, व्यवस्थापनमा जुट्ने कर्मचारी तथा शुभेच्छुकलाई धन्यवाद दिन चाहन्छौं। यो प्रतिवेदन सहित सभामा प्रस्तुत सबै प्रतिवेदन तथा प्रस्ताव उपर खुला छलफलका साथै कमिकमजोरीहरू उपर स्वस्थ आलोचना र सुझावहरू प्रतिवेदन [illegible]को सुझाव फाराममा भरी संस्थामा बुझाउनु हुनसमेत अनुरोध गर्दै समितिका तर्फबाट प्रस्तुत प्र[illegible]ारित गरीदिनुहुन हार्दिक अनुरोध गर्दछु।

हरिप्रसाद बजगाईं
सचिव,
सञ्चालक समिति

धन्यवाद, जय सहकारी जय हाम्रो साकोस !!!

स्थानः संस्थाको मुख्य कार्यालय

ललितपुर म.न.पा. ६ लगनखेल, ललितपुर।

हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Hamro Saving and Credit Co-operative Society Limited
लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

# २६औं वार्षिक साधारण सभा २०८१ मा कोषाध्यक्ष श्री विदुर प्रसाद तिमल्सिनाद्वारा प्रस्तुत प्रतिवेदन

हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.को गरीमामय २६ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथि ज्यू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति विभिन्न उपसमितिका साथिहरू, सल्लाहकारज्यू, आदरणीय शेयरधनी महानुभावहरू र कर्मचारीहरूमा यस संस्थाको छब्बीसौं वार्षिक साधारण सभा २०८१ को अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

२६ वर्ष अघि मासिक २०० रुपैया बचत गर्ने अभ्यासबबाट प्रारम्भ भएको संस्था आज विभिन्न आरोह अवरोहका बीच सदस्यहरूलाई नियमित रुपमा बचत फिर्ता, आकस्मिक ऋण सेवा, रेमिटेन्स सेवा दिदै अझै आवश्यकता अनुसारका ऋण सेवाहरू निरन्तर प्रदान गर्दै आइ रहेको छ । संस्थामा ऋणको कारोबारको बृद्धि संग हाल जोखिममा रहेका र भविष्यमा जोखिममा पर्न सक्ने ऋणहरुलाइ मध्यनजर गर्दै कर्जा जोखिम व्यवस्थामा बृद्धि गर्दै लगिएको छ । एन आर एफ एस रिपोर्टिङ्ग प्रणालीका आधारमा गरिएको लेखा परीक्षण बमोजिम सदस्यहरुलाई नियमित शेयर लाभाँश वितरण गरिएको छ । यहाँहरूको निरन्तर विश्वासका कारण हाम्रो साकोस आज १ अर्ब ७६ करोड को सम्पत्ति सहित ७२०० जना भन्दा बढी सदस्यहरूको बृहत परिवारका रुपमा स्थापित भएको छ । सदस्यको हितलाई मध्यनजर गरी हामि संस्था र सदस्य दुबै पक्षको आर्थिक अवस्था मजबुत बनाउदै लैजानको लागि सेवामा विविधिकरण गर्दै संस्थाका नीति तथा कार्यक्रमहरूलाई समायनुकूल परिस्कृत र परिमार्जित गरी संस्थाका सेवा तथा सुविधाहरूलाई अझ विस्तार गर्दै अगाडी बढ्ने प्रतिवद्धता ब्यक्त गर्दछु । यस अभियानमा संस्थाको नेतृत्व, व्यवस्थापन र सदस्यको साझा बुझाईका रुपमा सदस्यलाई सेवा नै संस्थाको प्राथमिक र अन्तिम लक्ष्य रहेकोले साझा बुझाई निर्माण गर्न अनुरोध गर्दछु ।

## १. संस्थाको कर्मचारी उत्पादकत्व विश्लेषण

| सुचक | जम्मा | कर्मचारी | प्रति कर्मचारी |
|---|---|---|---|
| सदस्य | ७२२५ | २६ | २७७ |
| कूल सम्पत्ति | १७६३१९६४२८ | २६ | ६७८१५२४७ |
| कूल ऋण | १२१९१२५६७३ | २६ | ४६७८९४४९ |
| कूल बचत | १२९१६४९८१७ | २६ | ४९६७०८३९ |

## २. अघिल्लो वर्षको र आगामी वर्षको अनुमानित वित्तिय विवरण

| दायित्व | | | सम्पति | | |
|---|---|---|---|---|---|
| विवरण | आषाढ २०८१ | आषाढ २०८२ अनुमानित | विवरण | आषाढ २०८१ | आषाढ २०८२ अनुमानित |
| शेयर पूँजी | १६१५८६२०० | १६८८३६२०० | बैंक तथा नगद | ३६५९०८६०० | ४०५२५४१६४ |
| बचत संकलन | १२९१६४९८१७ | १४९१६४९८१७ | ऋण लगानी | १२१९१२५६७३ | १४७५७८१८८२ |
| जगेडा तथा अन्य कोष | १७६०७४३५५ | २०४३०४२६७ | वित्तिय लगानी | १६४७५००० | १५२१८९०० |
| बाह्य ऋण | १२३३४१३६० | ९०८३३३४३ | सम्पत्ति उपकरण | १५०२४१२०९ | ५८३३२२४६ |
| चालु दायित्व | १०५४४६९७ | १२१२६४०१ | चालु सम्पत्ति | ११४४५९४५ | १३१६२८३६ |
| जम्मा | १७६३१९६४२८ | १९६७७५००२८ | जम्मा | १७६३१९६४२८ | १९६७७५००२८ |

## ३. अघिल्लो वर्षको वास्तविक र आगामी वर्षको अनुमानित आम्दानी विवरण

| विवरण | अनुमानित | यथार्थ | अनुमानीत |
|---|---|---|---|
| ब्याज आम्दानी | २६,४०,००,००० | १९९०३११३६ | २३६१९३२७२ |
| बैंक ब्याज आम्दानी | १,३०,००,००० | १२४७३८४८ | १३४२३२५५ |
| शुल्क तथा कमिसन | १,००,००,००० | ९३३८२७३ | ११२२०००० |
| रेमिटेन्स कमिशन | १,००,००० | ८१८८९ | १००००० |
| अन्य आम्दानी | २५,००,००० | २११९६३०८ | ४०३४००० |
| कूल आम्दानी | २८,९६,००,००० | २२३१२१४५४ | २६४९७०५२७ |

## ४. अघिल्लो वर्षको वास्तविक र आगामी वर्षको अनुमानित खर्च विवरण

| विवरण | अनुमानित | यथार्थ | अनुमानीत |
|---|---|---|---|
| बचतको ब्याज खर्च | १५,८०,००,००० | १२४१८९११८ | १३६६०८११८ |
| बाह्य ऋणको ब्याज खर्च | २,५०,००,००० | २३६९१०२८ | ९६८४७२२ |
| कर्जा जोखिम कोष खर्च | ५,००,००,००० | १६७६८०३५ | २०००००० |
| कर्मचारी खर्च | १,४६,००,००० | १३३५७६९० | १६३९८६५७ |
| प्रशासनिक खर्च | १,७६,००,००० | ७८४९६६४ | ११३५९८२६ |
| सामाजिक कार्यक्रम खर्च | ८,००,००० | ४४१४०३ | २९८०००० |
| सहकारी शिक्षा खर्च | ८,००,००० | ४१५४७४ | १२८०००० |
| सदस्य सेवा खर्च | | | २४६०००० |

| | | | |
|---|---|---|---|
| साधारण सभा खर्च | ५०,००,००० | ४६१४३६७ | ५५२८२६६ |
| शुल्क तथा अन्य खर्च | १,००,००,००,०० | ७९७९२९२ | ११५५९८२६ |

## ५. आगामी वर्षको अनुमानित खर्चको विस्तृत विवरण

### मुख्य प्रशासनिक खर्चहरू

| समिति उप समिति | संख्या | बैठक संख्या | भत्ता दर | जम्मा खर्च |
|---|---|---|---|---|
| सञ्चालक समिति बैठक भत्ता | १३ | १५ | २५०० | ५२५००० |
| पदाधिकारी बैठक भत्ता | ४ | १२ | २५०० | १२००० |
| लेखा समिति बैठक भत्ता | ३ | ४ | २५०० | ३०००० |
| ऋण उपसमिति भत्ता | ३ | ४८ | १५०० | २१६००० |
| शिक्षा उप समिति भत्ता | ३ | २ | १५०० | ९००० |
| सेवा केन्द्र उप समिति भत्ता | १२ | १२ | १५०० | २१६००० |
| अन्य उपसमिति भत्ता | ९ | ९ | १५०० | १२१५०० |

### यातायात, सञ्चार, विद्युत तथा इन्धन खर्च

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | कर्मचारी इन्धन खर्च | ७०५००० |
| २ | कार्यक्रम इन्धन खर्च | २०४३१० |
| ३ | यातायात तथा सञ्चार खर्च (कार्यक्रम खर्च) | ७२४००० |
| ४ | टेलीफोन खर्च, प्रमुख सञ्चार खर्च | २२८०० |
| ५ | सेवा केन्द्र संयोजक | ४६२००० |
| ६ | सुचना प्रकाशन खर्च | १००००० |
| ७ | समिति मोबाइल रिचार्ज | ७८००० |
| ५ | कर्मचारी सञ्चार(सियुजी) खर्च | १०९२०० |
| ८ | पत्रिका | ३०५०० |
| ९ | इन्टरनेट खर्च | १०८००० |
| १० | विद्युत खर्च | १६४००० |

## छपाई तथा मसलन्द खर्च

| विवरण | जम्मा |
|---|---|
| मसलन्द छपाई | १५०००० |
| अन्य स्टेशनरी छपाई | ६०००० |
| क्यालेण्डर छपाई | १५०००० |
| फिल्ड मोबाइल खरिद | १००००० |

## सूचना प्रविधि तथा सेवा  खर्च

| विवरण | जम्मा |
|---|---|
| कम्प्युटर /इन्टरनेट प्राविधिक | ३०००० |
| मालपोत प्रतिनिधि | ३६००० |
| यातायात प्रतिनिधि | २४००० |
| वेवसाइट प्राविधिक | १८००० |
| ग्राफिक्स डिजाइन | ६०००० |
| स्वयं सेवक | २१६००० |
| कानूनी सल्लाहकार | १२०००० |

## अन्य शीर्षक खर्चहरू

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | मर्मत सम्भार | ३५०००० |
| २ | मोबाइल बैंकिंग एप खर्च | ३००००० |
| ३ | सम्पत्ति ह्रास कट्टि | ४५८००० |
| ४ | अतिथि सत्कार | ७०००० |
| ५ | औषधि उपचार | १००००० |
| ६ | सफ्टवेयर  तथा होस्टिङ्ग खर्च | २७५००० |
| ७ | कर्मचारी पोशाक | २६३५०० |

## विविध खर्चहरू

| विवरण | | जम्मा |
|---|---|---|
| बाह्य लेखा परिक्षक | | ५६५००० |
| आन्तरिक लेखा परिक्षण | | २००००० |
| संघ संस्था सदस्यता शुल्क | | ५०००० |
| कर्मचारी प्रोत्साहन खर्च | | ५०००० |
| अन्य खर्च | | ८३०६३० |
| आइटी अडिट खर्च | | २,००,००० |

## सहकारी शिक्षा तथा समुदायिक दायित्वका खर्च

| क्र.सं. | कार्यक्रमको नाम | दर | संख्या | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | सदस्य विस्तारित मञ्च | ५०००० | १० | ५००००० |
| २ | सदस्य सीप विकास तालिम | ३०००० | १० | ३००००० |
| ३ | कानूनी साक्षरता कार्यक्रम | ६०००० | ३ | ६०००० |
| ४ | डिजिटल साक्षरता | १००००० | २ | २०००० |
| ५ | नीति अभिमुखिकरण कार्यक्रम | २००००० | १ | २००००० |
| ६ | सञ्चालकको क्षमता विकास कार्यक्रम | ६००००० | १ | ६००००० |
| ७ | वित्तिय साक्षरता(सदस्य) | २०००० | १० | २००००० |
| ८ | हाजिरी जवाफ | १५०००० | १ | १५०००० |
| ९ | रक्तदान | १००००० | १ | १००००० |
| १० | स्टेशनरी वितरण | ७५००० | २ | १५०००० |
| ११ | न्यानो कपडा वितरण | ७५००० | २ | १५०००० |
| १२ | आपतकालीन उद्धार तथा सहयोग | १०००० | १० | १००००० |
| १३ | कर्मचारी क्षमता अभिबृद्धि | ७५०० | २६ | १९५००० |
| १४ | कार्यकुशलता तथा सिकाई(PALM Workshop) | ३००० | २ | ६०००० |
| १५ | सहकारी व्यवस्थापन तालिम(व्यक्तिगत) | २०००० | २० | ४००००० |
| १६ | अन्य तालिम सहभागी | | | ३००००० |
| १७ | सम्मान तथा शुभकामना | | | ७५००० |
| १८ | सरसफाई खर्च(सहकार्यमा) | १००००० | २ | २००००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | सदस्य केन्द्रित सामाजिक संस्था व्यवस्थापन सहयोग | | | २००००० |
| १८ | आमा तथा महिला सहयोग क्षमता अभिबृद्धि | २०००० | ५ | १०००००. |
| १९ | स्वास्थ्य शिविर कार्यक्रम | १००००० | २ | २००००० |

## सदस्य सेवा कार्यक्रम । सदस्य हित कोष।

| क्र.सं. | कार्यक्रम | दर | जम्मा |
|---|---|---|---|
| १ | सदस्य मृत्यु राहत | | ६००००० |
| २ | तीर्थ यात्रा | २००००० | २००००० |
| ३ | उपचार खर्च | | ५००००० |
| ४ | सुत्केरी पोषण | २००० | १००००० |
| ५ | परिवार नियोजन उतप्रेरणा | २००० | ४०००० |
| ६ | प्रकोप सहयोग | १०००० | ५००००० |
| ७ | जेष्ठ सदस्य सम्मान कार्यक्रम | | २००००० |
| ८ | बाख्रा पालकलाई निर्ब्याजी ऋण | १०००० | २००००० . |
| ९ | संस्थामा धेरै सदस्य बनाउने सदस्य सम्मान | १०००० | २०००० |
| १० | सदस्य समवेदना खर्च | | १००००० |

## आ.व. २०८०/८१ मा राजश्व संकलनमा भएको योगदान

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | आय कर | ६,२७८,४७३ |
| २ | ब्याज कर | ७,६३०,६९३ |
| ३ | घर बहाल कर | २०८,४२१ |
| ४ | बैठक भत्ता कर | १०३,३८५ |
| ५ | परिवहन भत्ता कर | ५,२५० |
| | इन्धन तथा सञ्चार भत्ता कर | ४९,४३८ |
| ६ | पारिश्रमिक कर | १६४,६०१ |
| ७ | साधारण सभा भत्ता कर | ५९६,६९० |
| ८ | लाभांश कर | ७४८,६४३ |
| ९ | संरक्षित पूँजी फिर्ता कोष कर | ३८६,४९६ |

| | | |
|---|---|---|
| १० | अन्य स्रोतमा कर कट्टी | ३४,६१८ |
| ११ | सामाजिक सुरक्षा कर | १,०४० |
| १२ | पूँजीगत लाभ कर | २७०,६३३ |
| | जम्मा | १६,४७८,३८१ |

**कोष रकमान्तरण** :

आथिक वर्ष २०८०। ८१ को तपसिलमा उल्लेखित विभिन्न कोषका रकमहरू जगेडा कोषमा रकमान्तर गरी जगेडा कोषको बृद्धि गरिएको छ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | विभिन्न कोषको खर्च र उपयोग पछि बाँकी रकम | ४०२२९४२ |
| | जम्मा | ४०२२९४२ |
| अघिल्लो आर्थिक वर्षको जगेडा कोष | | १२८०५३८७४ |
| जम्मा जगेडा कोष | | १३२०३३४१६ |
| यस वर्षको थप | | ८३२५८१० |
| जम्मा | | १४०३५९२२६ |

## ९. कर्जाको सुरक्षण कोष व्यवस्था

संस्थाका सदस्यहरूलाई प्रदान गरेको ऋण को नियमन निकायले जारी गरेको निर्देशन संस्थाको ऋण नीतिको अधिनमा रहि कर्जा सुरक्षण कोषको व्यवस्था गरिएको छ। भाखा नाघेको कर्जा ब्याज र किस्ता ऋण सम्झौता बमोजिम नतिरेको ऋणलाई सम्झनु पर्दछ । अडिट रिपोर्टमा देखिएको ऋण र यसमा भएको जम्मा ऋण रकम फरक पर्दछ किनकि एन एफ आर एस रिपोर्टमा पाउनु पर्ने व्याज सहित जोडेर कर्जा जोखिम कोषमा छुट्याइएको रकम सबै घटाई आएको खुद ऋण मात्र देखाइएको छ। भाखा नाघेको ऋणको लागि गत वर्षमा १९९०००००। छुट्याएकोमा यस वर्ष २९२०००००। छुट्याइएको छ।

## १०. चालु आर्थिक वर्षका लागि विशेष वित्तिय निर्णयहरू

१. आगामी आर्थिक वर्ष २०८२।८३ को श्रावण १ गते देखि साधारण सभा सम्म हुने नियमित कार्यक्रम खर्चहरू सञ्चालक समितिले आगामी बैशाखमा हुने वार्षिक बजेट तथा योजना तर्जुमा गोष्ठीबाट पारित बजेट अनुसार खर्च गर्ने अधिकार यस साधरण सभाले सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने छ।

२. देशमा आउने प्राकृतिक विपत्ती तथा प्रकोपको अवस्था आएको अवस्थामा सञ्चालक समितिको निर्णय बमोजिम सदस्यहरूको स्पेशल सेभिङ्गबाट रु.१० सम्म मात्र निकाल्न पाउने अधिकार साधारण सभामा पेश गरिएको छ।

३. सञ्चालक लेखा सल्लाहकार तथा विभिन्न उप समितिहरूको बैठक, तालिम गोष्ठी, आदिको यातायात खर्च इन्धन खर्च भत्ता वापत सुविधा देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

- रात विताउनु पर्ने ठाउमा दैनिक भ्रमण भत्ता रु.१५००।
- होटेल बास खर्च अधिकतम रु.२०००।
- बस भाडा खर्च (एकतर्फी) रु.१५००।
- बैदेशिक तालिम तथा गोष्ठी : तालिम दर्ता र यातायात खर्च मात्र
- बैठक तथा अनुगमन खाजा खर्च बढिमा रु. २००।
- उप समिति बैठक भत्ता रु.१५००।
- सञ्चालक समिति लेखा समिति बैठक भत्ता रु.२५००।
- आन्तरिक प्रशिक्षक भत्ता रु.२०००।

४. समय सापेक्ष बजारको अध्ययन गर्दै बचत तथा ऋणको व्याजदर परिमार्जन गरिनुका साथै ऋण र बचत सेवाका नयाँ नयाँ उत्पादनहरू श्रृजना गर्ने अधिकार सञ्चालक समिति लाई अख्तियार प्रदान गर्न साधारण सभा सम्म प्रस्ताव गरिएको छ ।

५. शेयर सदस्यहरूको कालगति वा दुर्घटनाबाट हुने मृत्युमा राहत वितरणका लागि हरेका वर्षको पौष मसान्तमा प्रति सदस्य रु.२०० का दरले सदस्यहरूको स्पेशल बचत बाट र स्पेशल बचत नहुने सदस्यको नियमित बचतबाट निकालेर सदस्य बीमा गरिनेछ ।

६. गत वर्ष सहकारी ऐन बमोजिम शेयर लाभाँश कोष र संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यलाई वितरण गरी अन्य कोषको रकम नियमानुसार खर्च भई बाँकी रहेको रकम जगेडा कोषमा समायोजन गरिएको छ ।

७. चालु आर्थिक वर्ष २०८१।८२ को अनुमानित बजेट अनुसार २०८१ श्रावण १ गते देखि कार्तिक मसान्त सम्मको नियमित कार्यक्रमहरूको खर्च अनुमोदनका लागि साधारण सभामा पेश गरिएको छ ।

८. सदस्य बनेको २ वर्ष भित्र संस्थाको शेयर कम्तिामा पनि रु.५०००। बनाउनको लागि तथा सदस्यहरूको शेयर सहभागिताको फराकिलोपन कम गर्न सञ्चालक समितिले ठूलो रकमको शेयरबाट बचत खातामा सार्नको लागि सभाबाट अख्तियार प्रदान गर्न प्रस्ताव गरिएको छ ।

९. स्वदेश तथा विदेशमा हुने तालिममा अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतलाई तोकिएको बाहेकका अन्य तालिममा समिति तथा उप समितिका पदाधिकारीहरूलाई पालैपालो सहभागी गराइने छ ।

## ११. आर्थिक वर्ष २०८०/८१ मा खरिद गरिएका सामानहरू:

आर्थिक वर्ष २०८०।८१ मा संस्थालाई आवश्यक पर्ने देहाय बमोजिमका सम्पति खरीद गरिएको छ ।

| SN | Asset Name | Purchase date | Purchase Amount |
|---|---|---|---|
| 1 | Vivo Y16 Mobile | 2080/05/21 | 17500 |
| 2 | File Rack | 2080/05/31 | 11000 |
| 3 | SuKAM 4KVA/48 volt Inverter | 2080/10/04 | 46000 |
| 4 | Mobile Redmi 13C (5 pcs) | 2081/01/24 | 77500 |
| 5 | Khutruke | 2081/03/11 | 116107 |

## ११. खर्च भई हटाइएका सामानहरू:

| SN | Asset Name | Purchase date | Purchase Amount (Revised) |
|---|---|---|---|
| 1 | Samsung Camera WB50F | 8/29/2071 | 5,695.00 |
| 2 | Computer + Monitor 18.5" | 3/2/2072 | 9,668.00 |
| 3 | Wooden File Rack 18" X 96" | 6/14/2071 | 4,177.00 |
| 4 | Checkwriter(Rotary Checkwriter) | 10/29/2073 | 5,625.00 |
| 5 | 2 X 4 Table - 1 | 3/31/2073 | 4,767.00 |
| 6 | Preven Chair - 2 | 3/31/2073 | 8,263.00 |
| 7 | Wall Fan-3 | 3/2/2074 | 4,846.00 |
| 8 | Micro Smart 19" Monitor | 4/26/2074 | 6,375.00 |
| 9 | Lenovo Monitor | 4/27/2073 | 6,469.00 |
| 10 | Cotton Curtain/Window | 1/6/2075 | 8,695.35 |
| 11 | CG Halogen Heater | 9/16/2075 | 4,000.00 |
| 12 | Camera(Thaili) | From merger | 2,073.00 |
| 13 | Printer Epson(Thaili) | From merger | 2,551.00 |
| 14 | External HDD-1(Thaili) | From Merger | 3,628.00 |
| 15 | Pabx Telephone Switch(Thaili) | From Merger | 4,031.00 |
| 16 | Panas | 11/17/2077 | 2,650.00 |
| 17 | Counter Toolsofa(Thaili) | From merger | 1,990.00 |
| 18 | Office Partiation(Thaili) | From merger | 2,129.00 |
| 19 | Counter Revolving Chair(Thaili) | From merger | 4,057.00 |
| 20 | Wariston Chair(Thaili) | From merger | 2,872.00 |

## १२. बाँकी सम्पतिहरू

आर्थिक वर्ष २०८०।८१ को अन्त्य सम्ममा बाँकी विभिन्न शीर्षकका सम्पतिहरू तपसिल अनुसारको रहेको कुरा सबैलाई जानकारी गराउन चाहान्छु ।

| SN | Asset name | Value |
|---|---|---|
| १ | भवन निर्माण प्रयोजनको जग्गा | ३८,२९६,४१६ |
| २ | लिलाम सकार सम्पति | १०७,१६५,९११ |
| ३ | कम्प्युटर जन्य सम्पत्ति | ४६९,३७४ |
| ४ | फर्निचर तथा फिक्स्चर | १,६११,२२३ |
| ५ | कार्यालय जन्य सम्पत्ति | १,५१५,०८३ |

| | | |
|---|---|---|
| ६ | अन्य सम्पत्ति | १३९,००३ |
| ७ | अभौतिक सम्पत्ति | १०,१७० |
| ८ | लिजहोल्ड सम्पत्ति | १,०३३,९४८ |

आदरणीय शेयर सदस्य महानुभावहरू,

सहकारी क्षेत्रमा देखिएको चरम विकृती र निराशाका समयमा संस्थामा आवद्ध भई बुझाईमा एकरुपता कायम गरी संस्था संग नियमित कारोबार गरी संस्थालाई दिगो र भरपर्दो वित्तिय सेवा प्रदान गर्ने मार्गमा उत्साह प्रदान गर्नुभएकोमा पुन धन्यवाद दिन चाहान्छु । यहाँहरूको अझै साथ सहयोग र हौसलाले हामिलाई संस्थागत सुशासन सहित थप वित्तिय तथा सदस्य केन्द्रित सेवाहरूको विकास र नव प्रवर्तनमा अघि बढाउन मद्धत गर्नेछ भन्ने आशा गर्दछौं । सहकारी संस्थामा नाफा र सुविधाको होडबाजीका कारण थुप्रै विकृती प्रवेश गरी सिंगो अभियानको छवी धमिलिन गएको कुराको राम्रो महशुस गरी नाफा भन्दा सदस्यको सक्रिय कारोबारबाट थप सेवा र वित्तिय लाभ दिनु पर्दछ भन्ने मान्यता विकास गरेका छौ । आगामी वर्ष १२०० जना सदस्य थप गर्नेगरी शेयर लाभाँश र संरक्षित पूजी फिर्ता कोषमा बृद्धि गर्ने लक्ष्यका साथ अघि बढेका छौं । अन्तमा लेखा परिक्षक चार्टर्ड एकाउन्टेन्ट श्री स्थापित एण्ड रायमाझी एसोसिएट्सबाट प्रस्तुत आ.व. २०८०।८१ लेखा परिक्षण प्रतिवेदन तथा आय व्यय विवरण र आगामी आ.व. आर्थिक वर्ष २०८१।८२ को अनुमानित बजेट तथा कार्यक्रम पारित गरीदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ।।

स्थानः संस्थाको मुख्य कार्यालय

ललितपुर म.न.पा. ६ लगनखेल, ललितपुर ।

विदुरप्रसाद तिमल्सिना
कोषाध्यक्ष

# हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**Hamro Saving and Credit Co-operative Society Limited**

लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

# २६औं वार्षिक साधारणसभामा
## लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट संयोजक श्री नारायण थापाबाट प्रस्तुत प्रतिवेदन

यस २६औं वार्षिक साधारणसभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी एवम् सदस्यज्यूहरू, सभामा उपस्थित हुनु भएका आदरणीय शेयर सदस्यज्यूहरू तथा कर्मचारी साथीहरूमा लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछौं ।

'आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी' भन्ने नाराका साथ २०५५ साल फागुन १३ गते स्थापना भई २९ जना शेयर सदस्यको रु. १,४५,०००/- शेयर पूँजीबाट सुरु गरिएको हाम्रो नमुना बचत तथा ऋण सहकारी संस्था लि.सँग मिति २०७६।०७।३० गते हाम्रो थैली बचत तथा ऋण सहकारी संस्था लि. र सेवक बचत तथा ऋण सहकारी संस्था लि.तथा मिति २०७९ साल बैशाख १३ गते जनजागरण बचत तथा ऋण सहकारी संस्था लि एकीकरण भई हाम्रो नमुना बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०५५ पालना गर्ने गरी हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.को नामामा कारोबार गर्न सफल भएको छ। हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको एकीकरण पश्चात लेखा सुपरीवेक्षण समितिको जिम्मावरीमा रहि यस वार्षिक साधारण सभासमक्ष प्रतिवेदन प्रस्तुत गर्न पाउँदा लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट सम्पूर्ण शेयर सदस्यहरूलाई धन्यवाद दिन चाहन्छौं। आ.व. २०८०।८१ को अन्तमा (असार३१,२०८१सम्म) आइपुग्दा ७२२५ जना शेयर सदस्य र शेयर पूँजी रु.१६,१५,८६,२००/– पुगेको छ।

सहकारी ऐन २०७४ , वागमती प्रदेश सहकारी ऐन २०७५, संघीय तथा प्रादेशिक सहकारी नियमावली ,संस्थाको विनियम तथा विनियम प्रदत्त अधिकारका आधारमा लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखा परीक्षण क्रममा देखिएका मानवीय त्रुटिदेखि विभिन्न कमीकमजोरी औंल्याई व्यवस्थापन र सञ्चालक समितिसँग छलफल, अन्तरक्रिया तथा सुझाव प्रस्तुत गर्ने गरिएको छ। संस्थाको २६ औं वार्षिक साधारण सभामा लेखा तथा सुपरीवेक्षण समितिका तर्फवाट प्रस्तुत यस प्रतिवेदन संस्थाको विनियम, सहकारी ऐन तथा नियमावली, सहकारीका सिद्धान्त एवं सहकारी विभागले जारी गरेको सहकारी मापदण्डको अधिनमा रही संस्थाले आ.व. २०८०/०८१ मा सञ्चालन गरेका गतिविधिहरूको जानकारी एवमू आन्तरिक कार्यान्वयनको पक्षको अध्ययन पश्चात सहकारी विभागबाट जारी मापदण्ड को अनुसुची २ को दफा १२ अनुसार यो प्रतिवेदन तयार गरिएको छ।

लेखा तथा सुपरीवेक्षण समितिले संस्थाको आर्थिक गतिविधि, लेखा व्यवस्थापन, कार्यालय व्यवस्थापन, वार्षिक कार्यक्रम सञ्चालन लगायतको सुपरीवेक्षण र आन्तरिक लेखा परीक्षणका आधारमा समितिको बैठकहरूबाट सञ्चालक समितिलाई सुधार, सुझाव एवं सल्लाह सहितको प्रतिवेदन पठाउने गरिएको छ। जसबाट सञ्चालक समितिलाई संस्थाको समग्र गतिविधि सञ्चालन गर्न मद्दत पुगेको छ भन्ने कुरामा लेखा तथा सुपरीवेक्षण समिति विश्वस्त छ।

## १. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :

२५औं वार्षिक साधारण सभामा प्रस्तुत भएका आ. व.२०८०/०८१ का कार्यक्रमहरू अधिकाँश कार्यान्वयन भएका देखिन्छन्।

१. सञ्चालक समितिलाई बचत तथा ऋणको ब्याजदर परिमार्जन गर्ने अख्तियार प्रदान गरेकोमा समय समयमा परिवर्तन गरिएको छ।

२. समयमा ऋण नतिर्ने सदस्यहरूलाई ऋण असुलीको लागि कानूनी प्रक्रियाको माध्ययमबाट असुलीको अख्तियार प्रदान गरेकोमा केही समस्याग्रस्त ऋणीहरूको ऋण असुली गरिएको छ। साधारण सभाबाट पारित विभिन्न नीति तथा निर्देशिकाहरूलाई संहिताबद्ध गरी कार्यान्वयनमा ल्याइएको छ।

३. साधारण सभाबाट पारित गरिएका सदस्य तथा समुदाय केन्द्रित कार्यक्रमहरूलाई नियमित रुपमा सम्पन्न गरिएका छन।

## २. आ.व. २०८०/०८१ मा बसेको बैठक संख्या निर्णय तथा निर्णयहरूको कार्यान्वयनको अवस्था :

| क्र.सं. | समिति/उप समिति | बैठक संख्या | क्र.सं. | समिति/उप समिति | बैठक संख्या |
|---|---|---|---|---|---|
| १ | साधारण सभा | १ | ७ | शिक्षा उपसमिति | १ |
| २ | सञ्चालक समिति | १६ | ८ | महिला उप समिति | १ |
| ३ | लेखा तथा सुपरिवेक्षण समिति | ३ | ९ | युवा उपसमिति | २ |
| ४ | पदाधिकारी | ४ | १० | पदपुर्ति उपसमिति | २ |
| ५ | ऋण उपसमिति | २९ | ११ | एक्सेस कार्यदल | १ |
| ६ | सेवा केन्द्र उप समितिहरू | २६ | | | |

### सञ्चालक समितिको बैठकमा सञ्चालकहरूको उपस्थितिको अवस्था

| | | |
|---|---|---|
| १. | अध्यक्ष : श्री शम्भु प्रसाद फुयाल | सबैमा उपस्थित |
| २. | उपाध्यक्षः श्री श्यामकृष्ण घिमिरे | १ मा अनुपस्थित (तालिम) |
| ३. | सचिव : श्री हरि प्रसाद बजगाई | सबैमा उपस्थित |
| ४. | कोषाध्यक्ष : श्री विदुर प्रसाद तिमल्सिना | सबैमा उपस्थित |
| ५. | सञ्चालक : श्री राजु आले मगर | ६ मा अनुपस्थित |

| | | |
|---|---|---|
| ६. | सञ्चालक : श्री अशोक केसी | २ अनुस्थित |
| ७. | सञ्चालक : श्री कञ्चन बस्नेत | सबैमा उपस्थित |
| ८. | सञ्चालक : श्री राजेन्द्र कुमार घिमिरे | ६ मा अनुपस्थित |
| ९. | सञ्चालक : श्री विदुर बहादुर घिमिरे | २ मा अनुपस्थित |
| १०. | सञ्चालक : श्री कमल प्रसाद तिमल्सिना | सबैमा उपस्थित |
| ११. | सञ्चालक श्री प्रेम प्रसाद बजगाईं | सबैमा उपस्थित |
| १२. | सञ्चालक : श्री अञ्जु लामिछाने | १ अनुपस्थित |
| १३. | सञ्चालक : श्री प्रमिला श्रेष्ठ | ( गत वर्ष देखि विदेशमा रहेको) |

## ३. ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था :

**ऋण लगानी प्रक्रिया :**

१. संस्थाले कर्जा लगानीका लागि व्यवसाय सञ्चालन नीति २०८० को भाग ३ मा कर्जा लगानी तथा असुली सम्बन्धि व्यवस्था साधारण सभाबाट पारित गरी लागू गरेको छ । कर्जा लगानीका लागि व्यवस्थापन , सेवा केन्द्र व्यवस्थापन उपसमिति, ऋण उपसमिति, पदाधिकारी लाई हद खोली अधिकार प्रत्यायोजन गरेको र सञ्चालक समितिको निर्णयबाट समेत कर्जा लगानीको व्यवस्था गरिएको छ। प्रत्यायोजित अधिकारको अनुमोदन समितिको बैठकबाट हुने गरेको छ। संस्थाले शेयर पूँजी र बचत रकमको ९० प्रतिशतसम्म सुविधा कर्जा प्रदान गरिएको, सामूहिक जमानी तथा परिवारका सदस्यको जमानीमा सामुहिक जमानत कर्जा, लघुवित्त कर्जा र अचल सम्पत्ति धितोमा रु.१०,००,०००/- सम्म लघुउद्यम कर्जा लगानी गरिएको छ। संस्थाको प्राथमिक पूँजी कोषको १० प्रतिशत सम्म कर्जा लगानी गर्न सकिने कानुनी व्यवस्था भएता पनि सञ्चालक समितिले कर्जा नियन्त्रणलाई ध्यानमा राखी अधिकतम २,००,००,०००/- (दुई करोड रुपैया) सम्म लगानी गर्ने निर्णय गरी कार्यन्वयन गरेको पाइयो । लगानी प्रक्रिया तथा आवश्यक कागजातहरूको सूचि संस्थामा सबै सदस्यले देख्ने गरी राखिएको छ।

२. रु.१५,००,०००/-सम्म मुख्य कार्यालयमा व्यवस्थापनले र सेवा केन्द्रमा सेवा केन्द्र व्यवस्थापन उपसमितिले लगानी गर्न सक्ने, ४० लाख सम्म ऋण उपसमिति र १ करोड सम्म पदाधिकारीले निर्णय गरी लगानी गर्न सकिने।

३. **धितो सम्बन्धि व्यवस्था** : सुविधा कर्जा, आवधिक बचत जमानत कर्जा र लघु कर्जा बाहेकका कर्जा लगानीका लागि कर्जा लगानी तथा असुली निर्देशिका बमोजिम अनिवार्य धितो व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७८।७९ बाट कतिपय लघु उद्यम कर्जामा पनि धितोमा लगानी गरिएको पाइयो । रु. १०,००,०००/- माथीको कर्जा लगानीको लागि धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याङ्कन गराई कर्जा लगानी गरिएको छ। प्राविधिक बाट धितो मूल्याङ्कन हुने व्यवस्था अनिवार्य गरिनु पूर्व देखि लगानी गरिएका कर्जाको धितो संस्थाका पदाधिकारी तथा कर्मचारीले गरेका आधारमा ऋण कारोबार भइरहेको पाइयो । धितो मूल्याङ्कन कर्ता नियुक्ति हुनु पूर्व देखि नै रोक्का भई कारोबार भएका र १५ लाख सम्मका लगानी भएका केही ऋणका फाइलहरूमा धितो मूल्याङ्कनकर्ताबाट भएको मूल्याङ्कन

समावेश नभएको पाइयो ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धि विवरण :**

- सहकारी विभागबाट जारी गरिएका मापदण्डहरू संग नबाभिने गरी विभिन्न नीति निर्देशिकाहरू साधारण सभाबाट पारित गरी कार्यान्वयन गरिएको छ । त्यस्ता कार्यबिधि तथा मापदण्डमा उल्लेख भएका कुराहरू पूर्ण रुपमा कार्यान्वयन गर्न सुझाव पेश गरिन्छ।
- संस्थाको कूल बचतमा प्रचलित करको दरमा कर भूक्तानी गरी सहकारी ऐनले तोके बमोजिमको कोषमा रकम जम्मा गरी उद्धेश्य अनुसार खर्च गरेका पाईयो ।
- कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केल भन्दा बढि नै पारिश्रमिक दिएको पाइयो । सम्पूर्ण कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरेको पाइयो ।
- संस्थाको वार्षिक साधारणसभा आर्थिक वर्षको समाप्तिको ६ महिना भित्र सम्पन्न गरेको पाइयो ।
- बचत र ऋणको स्प्रेड दर ६ प्रतिशत भन्दा मुनि रहेको पाईयो
- संस्थाको मुख्य कार्यालयमा सदस्य बडापत्र र सुचना पाटीका साथै सहकारी विभागको निर्देशन बमोमिज मासिक कारोबारको विवरण खुल्ने गरी कारोबार प्रकाशन गरेको पाइयो ।
- संस्थाको कूल बचतको १५–२० तरलता राख्नु पर्ने PEARLS को व्यवस्था भए पनि हालको अवस्थामा २८ प्रतिशत तरलता रहेको पाइयो ।
- संस्थाबाट सम्पति सुद्धिकरणको प्रतिवेदन गो एम एल मार्फत नियमित पठाउने गरेको पाइयो ।
- सञ्चालक समितिको बैठकमा व्यवस्थापन प्रतिवेदन अन्तर्गत समिति उपसमिति, कर्मचारी ले लिएको ऋण, पर्ल्स विश्लेषण तथा संस्थागत जोखिमका बारेमा छलफल गर्ने गरेको पाइयो ।

## ५. सहकारी विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएका प्रतिवेदन अनुसारका निर्देशन

**सुझावहरू कार्यान्वयन सम्बन्धि विवरण :**

सहकारी विभागबाट आर्थिक वर्ष २०७९।८० मा अनुगमन भएको र आर्थिक वर्ष २०८०।८१ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.बाट संस्थाको अनुगमन गरी सुझावहरू प्राप्त भएको र उक्त निर्देशन कार्यान्वयनमा सञ्चालक समितिको निर्णय बमोजिम व्यवस्थापनले प्रयास गरीरहेको छ ।

## ६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

साधारण सभाको निर्णय बमोजिम पदाधिकारीहरूलाई कुनै पारिश्रमिक नदिएको ।

**४.२ बैठक भत्ता**

- सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको बैठक भत्ता रु.२५०० /- प्रदान गरेको पाईयो ।
- सबै उपसमिति रु.२,०००/- प्रदान गरेको पाईयो ।
- सेवा केन्द्र व्यवस्थापन उप समिति संयोजकलाई मासिक इन्धन तथा सञ्चार खर्च वापत रु.३,५००/- प्रदान गरेको पाईयो ।

४.३ अन्य सुविधा ,

- प्रमुख कार्यकारी अधिकृत लाई मासिक इन्धन खर्च १०० लिटर पेट्रोल, ऋण उपसमिति संयोजक तथा सदस्यलाई यातायात र इन्धन खर्च वापत रु.२,०००/- उपलब्ध गराइएको पाइयो ।

## ५. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरू :

- साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धि नियमावली भए/नभएको : भएको
- कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याएको
- भर्ना प्रक्रिया पारदर्शि र प्रतिस्पर्धी भएको/नभएको : भएको
- कार्यरत कर्मचारीहरू र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : रहेको
- प्रमुख कार्यकारी अधिकृतको योग्यता र क्षमता सम्बन्धि विवरण : स्नातकोत्तर तह उत्तीर्ण गरी
- सहकारी क्षेत्रमा विगत २४ वर्षको अनुभव प्राप्त ।

## ५.६ कर्मचारीको भर्ना प्रक्रिया र संख्या :

कर्मचारी व्यवस्थापन उपसमितिले कर्मचारीको भर्ना कर्मचारी प्रशासन विनियमावली अनुसार खुला विज्ञापन र आन्तरिक प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई कर्मचारी व्यवस्थापन उपसमितिको सिफारिस अनुसार सञ्चालक समितिले निर्णय गरी कर्मचारीको नियुक्ति गर्ने गरेको पाइयो । आ.व. २०८०।८१ को अन्त सम्ममा संस्थामा देहाय बमोजिमका कर्मचारी रहेको पाइयो ।

- करार : २ जना
- अस्थायी : नभएको
- नियमित : ३
- स्थायी : २१ जना

## ६. लेखा तथा सुपरीवेक्षण समितिले यसअघि दिइएका प्रतिवेदन बमोजिमका सुझाव कार्यान्वयनको अवस्था :

लेखा तथा सुपरीवेक्षण समितिले दिइएको सुझावलाई सञ्चालक समितिले अध्ययन तथा बैठकमा एजेन्डा तय गरी सम्बन्धित पक्षलाई कार्यान्वयनका लागि निर्देशन गरी कार्यान्वयन गरेको देखिन्छ।

## ७. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

संस्थाले आ.व. २०८०।८१ मा सदस्यता बचत शेयर र कोष तथा कूल सम्पतिमा गरेको बृद्धि स्तर सकारात्मक रहेको छ। संस्थाका नीति तथा कार्यबिधिमा व्यापक संशोधन गरिएको छ। संस्थाका नीति तथा कार्यबिधि सम्बन्धमा नेतृत्व र व्यवस्थापनको साझा बुझाई निर्माण गरी सबै कार्यालयमा कार्यबोझ तथा अभिलेख व्यवस्थापनमा एकरुपता कायम गर्नु पर्ने देखिन्छ। संस्थागत क्षमता बृद्धि गरी अव केही वर्ष भित्रमा ब्राण्ड अडिटका लागि तयारी गर्दै गएको पाइयो ।

**संस्थाले आ. व. ०८०/०८१ मा संस्थाले गरेका गतिविधिहरूको संक्षिप्त विवरण :**

| विवरण | यस वर्षको (रु.) | गत वर्षको (रु.) | वृद्धि | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| शेयर पूँजी | १६१,५८६,२००.०० | १६०,८९४,३००.०० | ६९१,९००.०० | ०.४३ |
| विभिन्न कोषहरू | १७६,०७४,३५४.६३ | १६८,१८७,५८२.०० | ७,८८६,७७२.६३ | ४.६९ |
| बचत रकम | १,२९१,६४९,८१६.५२ | १,१४३,९४८,८८२.०० | १४७,७००,९३४.५२ | १२.९१ |
| संस्थाले लिएको कर्जा | १२३,३४१,३६०.२९ | २४२,९४८,११०.०० | -११९,६०६,७४९.७१ | -४९.२३ |
| लगानीमा रहेको कर्जा | १,२१९,१२५,६७३.३९ | १,२६८,३७७,२७४.०० | -४९,२५१,६००.६१ | -३.८८ |
| कूल आम्दानी | २४८,८८६,३७२.५२ | २४९,९६१,०२८.०० | -१,०७४,६५५.४८ | -०.४३ |
| कूल खर्च | २०९,३०४,६६७.७९ | २०३,३२८,५०८.०० | ५,९७६,१५९.७९ | २.९४ |
| आयकर अघिको बचत | ३९,५८१,७०४.७३ | ४६,६३२,५२१.०० | -७,०५०,८१६.२७ | -१५.१२ |
| सदस्य संख्या (जना) | ७२२५ | ७०३० | १९५ | २.७७ |

## ८. लेखा तथा सुपरीवेक्षण समितिको सुझावहरू :

**टिप्पणी**

- लेखा तथा सुपरिवेक्षण समितिले भल्टको नीरिक्षण गर्दा भल्ट र क्यास बुकको रकम दुरुस्त रहेको पाइयो ।
- मुख्य कार्यालयमा हरेक महिन बैंक रिकन्साइल गरेका भएता पनि सबै केन्द्रमा मासिक रुपमा गरेको पाइएन । आन्तरिक परिक्षणका लागि व्यवस्थापनबाट नै आन्तरिक लेखा परिक्षणको अभ्यास शुरु भएको पाइयो ।
- गत आर्थिक वर्षमा बचत बृद्धिमा संकुचन भएता पनि यस आर्थिक वर्षमा बचत बृद्धि भई वाह्य ऋण ५० प्रतिशतले कम भएको र ऋण असुलीमा सक्रियता बढेको कर्जा जोखिम खर्च बृद्धि गरेकोले संस्थागत जोखिम कम गर्न सञ्चालक समिति लागि परेको देखिन्छ ।
- सदस्यलाई ऋण सेवा प्रदान गर्न सेवा केन्द्रहरूको हकमा रु.१५,००,०००/- सम्म सेवा केन्द्र उपसमिति र उच्च व्यवस्थापनलाई प्रदान गरेकोले सदस्यलाई छिटो र छरितो सेवा प्रदान गर्न संस्थाले विकेन्द्रित कार्यप्रणाली अवलम्बन गरेका देखिन्छ ।

**सकारात्मक पक्षहरू**

- सदस्यलाई नविनतम प्रविधिको अधिकतम प्रयोग गर्न तथा विभिन्न कार्यक्रममा प्रविधिको प्रयोग मार्फत कम खर्चिलो सेवा प्रदान गरिएको छ । कार्यक्रममा सहभागीता तथा सुझावहरूलाई गुगल फर्म मार्फत फर्महरू भरिएको पाइयो ।
- कर्मचारीमा उत्प्रेरणका जगाउन कार्य सम्पादनका आधारमा सम्मानित, तलब बृद्धि तथा बढुवा गर्ने अभ्यासले कार्य उत्प्रेरणाको वातावरण निर्माण गरिएको पाइयो ।
- मोबाइल बैंकिंग सेवा प्रयोग कर्ताको संख्यात्मक बृद्धि भएको र सदस्यले कारोबारको जानकारी लिई

यसबाट लाभ प्राप्ती गर्दा खुशी व्यक्त गर्नुभएको पाइयो ।

- कनेक्ट आइपिएस र कर्पोरेट पे को प्रयोगले सदस्यहरूलाई ठुलो रकमको बचत भुक्तानीको लागि बैंक चेकको झण्झट र बैंक वित्तिय संस्थामा जाने लाइन बस्ने झण्झटको अन्त्य भएको देखिन्छ ।
- शेयर सदस्यहरूलाई शनिबार सहितका विदाका दिन समेत कार्यालय खोली प्रदान गरिएको सेवाले संस्थाले सदस्य सेवालाई पहिलो प्राथमिकता दिएको देखिन्छ ।

सुझावहरू

- संस्थाको जनशक्तिलाई ध्यान दिई कर्जा असुलीका कार्यलाई तिब्रता दिनु पर्ने देखिन्छ ।
- सहकारी विभागले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धि जारी गरेको निर्देशन अनुसार प्रतिवेदनहरू नियमित पठाइएको पाइयो । सदस्यहरूको व्यक्तिगत पहिचान फाराम अद्यावधिक भइरहेको पाइयो । यस कार्यलाई अझै तीव्रता दिएर पूरा गर्न सुझाव पेस गरिन्छ ।
- मासिक बचतलाई अनिवार्य गराउने संस्थाको नीति अनुसार सबै सदस्यहरूलाई नियमित बचत गर्न सुझाव पेश गरिन्छ । साथै मासिक बचत नगर्ने सदस्यहरूलाई निस्क्रिय सदस्यको रुपमा संस्थाको सेवाबाट बञ्चित गर्न सुझाव पेश गरिन्छ ।
- केही ठूला ऋणीहरू जसले नियमित रुपमा किस्ता र ब्याज नबुझाउने परिपाटि अन्त्यका लागि भाखा नाघेका ऋणमा अनिवार्य जरिवाना लिने तथा अटेर गर्नेहरूको धितो लिलामी गरी ऋण असुल उपर गर्न अघिल्लो साधारण सभाको सुझाव बमोजिम थप केही ऋणीको धितो लिलामीको प्रकृया शुरु गरेको पाईयो । संस्थाकै केही पूर्व सञ्चालक, कार्यक्षेत्र भित्र रहेका अन्य सहकारी संघ र संस्था सञ्चालन तथा व्यवस्थापनमा नै रहेर यस संस्थामा ऋण नतिर्ने केही खराब ऋणीहरू रहेको पाइएकोले ऋण असुलीको कानूनी प्रक्रिया पहिलो प्राथमिकतामा त्यस्ता ऋणीबाट गर्नु पर्ने सुझाव पेश गरिन्छ ।
- गत आर्थिक वर्षमा धितो लिलाम सकार गरिएको सम्पत्ति अझै पनि (तत्कालीन संस्थाको पदाधिकारी हुँदा लिएको ऋण लिलाम सकार गरिएकोमा) ऋणीका परिवारले संस्थाका पदाधिकारी तथा व्यवस्थापनलाई धम्क्याएर खाली गर्न अटेर गरेकोले कानूनी प्रक्रिया बाट भए पनि साधारण सभा सकिएको १ महिना भित्र खाली गरी बिक्रि गर्न सुझाव पेश गरिएको छ,
- संस्थाका केही पुर्व पदाधिकारी तथा पूर्व कर्मचारीको परिवारका नाममा रहेका ऋण अझै पनि भाखा नाघेको देखिएकोले त्यस्ता ऋण असुली नभएमा तत्काल कानूनी प्रक्रिया अपनाएर असुल गर्न सुझाव पेश गरिएको छ,
- केही ऋणीहरूले ऋण असुलीकका क्रममा संस्थाको व्यवस्थापन माथि नै धम्की तथा दुर्व्यवहारजन्य कार्यहरू गरेका विषयलाई गम्भिर रुपमा लिई त्यस्ता अपराधिक मानसिकता भएका सदस्यको ऋण कानूनी प्रक्रियाबाट असुली गरी संस्थाको सदस्यता समेत खारेज गर्न सुझाव पेश गरिन्छ,
- धितो मूल्याङ्कनका लागि ग्रामणि क्षेत्रमा समेत कम मुल्यमा प्राविधिकको व्यवस्था गर्नु पर्ने सुझाव दिइन्छ ।
- संस्थाको दैनिक कारोबार र सदस्यहरूको कार्यालयमा आगमनको अवस्थालाई हेर्दा मुख्य कार्यालयमा सुरक्षा गार्डको व्यवस्थापन गर्न सुझाव पेस गरिन्छ ।
- सदस्य पहिचान फाराम अझै पनि धेरै सदस्यहरूले नभरेकोले त्यसलाई विशेष प्राथमिकतामा राखी पुरा गर्न सुझाव पेश गरिन्छ ।

- सदस्य शिक्षा र तालिम लाई खर्च नभई लगानी र लाभका रुपमा व्यापक बनाउनु पर्ने देखिन्छ,
- शहर तथा ग्रामिण क्षेत्रमा हाल देखिएको डिजिटल कारोबार बृद्धि निकट भविष्यमा कागजी नोटको कारोबार इतिहास बन्न सक्ने हुँदा संस्थाका सबै सदस्यलाई मोबाइल बैंकिंग, क्यु.आर. लगाएतका कारोबार गर्न अभिप्ररित गर्नु पर्ने देखिन्छ।

अन्तमा देशको अर्थतन्त्रमा व्यापक उतार चढाव आएको अवस्थामा तथा सहकारीक्षेत्रमा इतिहासमा नै नकारात्क सन्देश प्रवाह भएको समयमा संस्थालाई सदस्यको विश्वास र भरोसाका दिलाउन सफल भएको संस्थाका सबै सदस्यहरू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनका सवै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छौं। यस सम्मानित साधारण सभामा संस्थाको गुणात्मक विकासका लागि महत्वपूर्ण सल्लाह सुभावको अपेक्षा सहित यो प्रतिवेदन पारित गरीदिनुहुन अनुरोध गर्दछौं। जय सहकारी, धन्यवाद।

लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट

संयोजक : नारायण थापा

सदस्य : करिश्मा स्थापित

स्थान: संस्थाको मुख्य कार्यालय

ललितपुर म.न.पा. ६ लगनखेल, ललितपुर।

**Sthapit Rayamajhi Associates**
Chartered Accountants

**हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**का शेयर सदस्यहरु समक्ष प्रस्तुत**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ।**

**वित्तीय विवरण माथी लेखा परीक्षकको राय,**

हामीले यस हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको (यस पछि सहकारी भनिएको), यसैसाथ संलग्न २०८१ आषाढ ३१ को वासलात (वित्तिय स्थिति विवरण), सोहि मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाबको विवरण, विस्तृत आम्दनीको विवरण, इक्वीटीमा भएको परिवर्तन, नगद प्रवाहको विवरण तथा लेखा नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार पारिएकोमा यस प्रतिवेदनको रायको आधार अनुच्छेदमा उल्लेख गरिए अनुसार हामीले विभिन्न शीर्षकहरु सग सम्वन्धित पर्याप्त एवम उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं । उल्लेखित विषय वस्तुको सारगर्भियतका कारण , हामीले प्रस्तुत वित्तीय विवरणहरु उपर आफ्नो राय प्रस्तुत गर्न असमर्थ छौं ।

**रायको आधार,**

**३.१ मापनको आधार**

वित्तीय विवरणहरु निरन्तरताको आधार (**Going Concern**) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरु मान्यताको आधारमा अनवरत रुपमा लागू गरिएका छन । फरक भएको खण्डमा विशेष रुपमा खुलाईएको छ ।

**३.२ एकीकरणको आधार**

संस्थाको नियन्त्रण रहने गरी कुनै संस्थामा लगानी नभएकोले वित्तीय विवरणको एकीकरणको आवश्यक रहेको छैन ।

**३.३ नगद तथा नगद समान**

नगद तथा नगद समान भनी बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दात, माग तथा छोटो सुचनामा प्राप्त हुने रकम, जोखिम रहित वा नगन्य जोखिम रहेको ३ महिना भित्र नगदमा प्राप्त गर्न सकिने अत्याधिक तरल वित्तीय सम्पत्तिलाई जनाईएको छ ।

संस्थाले अल्पकालिन प्रतिवद्धता पुरा गर्न प्रयोग गर्ने र Fair Value परिवर्तन हुन गई नगन्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद तथा नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

**३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**क) पहिचान**

संस्थाले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गर्दछ जब यो उपकरणको अनुवन्धन व्यवस्थाको पक्ष हुन्छ । सहकारीले सुरुमा कर्जा सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुन त्यो मिति हो जुनबेला सहकारी उपकरणको प्रावधानहरुसंग अनुबन्धित हुन्छ । इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा अर्थात जुनबेला सहकारीले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ सोही मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई राफसाफ हुने मितिमा लेखाङ्कन गरिन्छ ।

**ख) वर्गीकरण**

**१. वित्तीय सम्पत्ति**

वित्तीय संस्थाले आफ्नो व्यवसायिक मोडेलको आधारमा वित्तीय सम्पत्तिलाई निम्न बमोजिम वर्गीकरण गरेको छ :

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति :**

देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गरिएको छ, अनुबन्धित नगद प्रवाहको संकलन गर्ने उद्देश्यले व्यावसायिक मोडेलमा लिइएको र वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगदप्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो ।

- **फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्ति**

  परिशोधित लागतमा मापन नगरिएको वित्तीय सम्पत्ति फेयर भ्याल्युमा मापन गरिएका छ । फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनः वर्गीकरण गरिएको छ :-

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**
  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । त्यस पश्चात्त सो सम्पत्तिलाई फेयरभ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई नाफा-नोक्सानमा मापन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति**
  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गर्ने भनेर व्यवस्थापनले अपपरिवर्तनीय निर्णय गरेको हुन्छ त्यसलाई अन्य विस्तृत आम्दानीद्वारा फेयर भ्याल्युमा मापन गरिएको छ । त्यसपश्चात सो सम्पत्तिलाई फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युको फरकलाई अन्य विस्तृत आम्दानीमा मापन गरिन्छ ।

**२. वित्तीय दायित्व**

वित्तीय जमानत, र कर्जा प्रतिबद्धता बाहेकका वित्तीय दायित्वलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

- **नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व**
  व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्धीत खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय दायित्व बाहेक कर्जा जोखिमको प्रभावबाट फेयर भ्याल्युमा हुने फरकलाई अन्य विस्तृत आम्दानीमा मापन हुनेछ ।
- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व :**
  नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदर (**EIR**) को आधार प्रयोग गरी परिशोधित मूल्यमा मापन गरिन्छ ।

**ग. मापन**

**१. प्रारम्भिक मापन**

नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको फेयर भ्याल्युमा प्रत्यक्ष संलग्न कारोबार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसंग सम्बन्ध भएको कारोबार लागतलाई नाफा/नोक्सान विवरणमा मापन गरिएको छ ।

**२. पछिको मापन**

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गको हिसाबले फेयर भ्याल्यु वा परिशोधित मुल्यमा मापन गरिएको छ । प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दरको विधि प्रयोग गरि मापन गरिएको छ । फेयर भ्याल्युमा मापित वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् फेयर भ्याल्युमा मापन गरिएको छ । नाफा-नोक्सानको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट फेयर भ्याल्युमा मापन गरिएको वित्तीय सम्पत्तिको फेयर भ्याल्युमा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

**पहिचानबाट हटाइने (De-recognition)**

**वित्तीय सम्पत्तिलाई पहिचानबाट हटाइने**

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब सहकारीले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ अथवा वित्तीय संस्थाले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यसबेला वित्तीय संस्थाले वित्तीय सम्पत्ति पहिचनबाट हटाउँछ ।

**वित्तीय दायित्वलाई पहिचानबाट हटाइने**

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

**३.४.१ फेयर भ्याल्युको निर्धारण**

फेयर भ्याल्युमा देखाईएको वा प्रस्तुत गरिएका सम्पत्ती र दायित्वहरू महत्वपूर्ण विवरणहरुको आधारमा तीन तहमा वर्गीकृत गरिएको छ । मुल्यांकनका महत्वपूर्ण विवरणहरुमा रिपोर्टिङ अवधिमा भएको परिवर्तनको आधारमा सम्पत्ती र दायित्वहरूलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय संस्थाले रिर्पोटिङ्ग अवधिको अन्त्यमा मुख्य बजार वा विवरणहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरू बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :-

**तह १ :** फेयर भ्याल्यु मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ ।

**तह २ :** मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or Similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मुल्याकंन गर्दा सबै महत्वपूर्ण इन्पुटहरु अवलोकन योग्य हुन्छ ।

**तह ३ :** जहाँ कम्तिमा एउटा इनपुट, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, त्यो अवलोकन योग्य बजार आंकडामा आधारित हुँदैन ।

उपलब्ध भएसम्म वित्तीय संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सुचिकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ जब सुचिकृत मूल्यहरू सजिलै र नियमित रूपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा अधारित भएर वास्तविक र नियमित रूपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने, वित्तीय संस्थाले मूल्यांकन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मुल्याकंन प्रविधिले जानकार, इच्छुक पार्टीहरू (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरूको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरू समावेश गरेको हुन्छ ।

**३.४.२ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances)**

प्रत्येक प्रतिवेदन मितिमा संस्थाले सम्पत्तिमा नोक्सान भएको वा नभएको कुनै संकेत छ कि छैन भनी समीक्षा गर्दछ । भविष्यमा नोक्सान अर्थात घाटाको निर्धारण गर्दा विशेषगरी व्यवस्थापनले नगद प्रवाहको

रकम र समयको आंकलन गर्नु आवश्यक हुन्छ । यस्ता अनुमानहरु धेरै कारकहरु प्रतिको धारणामा आधारित छन र भएको प्रावधानहरुमा भविष्यमा परिवर्तन भएमा वास्तविक परिणाम फरक हुन पनि सक्दछन ।

नोक्सानीको व्यक्तिगत मुल्यांकन आर्थिक सम्पत्तिमा लागू हुन्छ जुन नोक्सानीको लागि व्याक्तिगत रुपमा मुल्यांकन गरिन्छ र भविष्यको नगद प्रवाहलाई वर्तमान मुल्यको उच्चतम अनुमानमा आधारित हुन्छ । नगद प्रवाहको अनुमान गर्दा व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र धितोको बिक्रीबाट प्राप्त हुनसक्ने खुद मुल्यको आधारमा निर्णय गर्दछ । प्रत्येक बिग्रेको सम्पत्ति यसको कार्य गर्न सक्ने क्षमताको आधारमा मूल्यांकन गरिन्छ । कार्यगत रणनीति र नगद प्रवाहको अनुमानलाई प्राप्ति योग्य मानिन्छ । एक्सपोजरको नोक्सानको व्याक्तिगत मुल्यांकनको अर्थ भनेको कमजोरीको उद्देश्य प्रमाण छ कि छैन, भविष्यको नगद प्रवाहको वर्तमान मुल्यको अनुमान र यस मूल्यांकनमा समावेश ऋण लिने प्रत्येक व्यक्तिबाट प्राप्त हुने नोक्सानको मुल्य गणनाको अर्थ हो ।

संस्थाले नोक्सानीको व्यक्तिगत मुल्यांकनको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ बमोजिम Non Performing वर्गमा रहेका सम्पूर्ण कर्जाहरु समावेश गरेको छ । यसै सर्न्दभमा हरेक कर्जाको भुक्तानी ऋणीको अनुमानित नगद प्रवाहबाट प्राप्त हुने (Going Concern) र धितोको बिक्रीबाट कर्जाको भुक्तानी हुने (Gone Concern) मा विभाजन गरिन्छ । संस्थाले यी दुवै अवस्थामा परम्परागत मान्यता अनुरुप ऋणीको अनुमानित नगद प्रवाह, वर्तमानको आर्थिक अवस्था, संस्थाको आफ्नै अनुमान आदिलाई आधार मानी कर्जा नोक्सानी व्यवस्थाको मुल्यांकन गर्दछ ।

व्यक्तिगत रुपमा कर्जा नोक्सानी व्यवस्था (Individual Impairment) नगरिएका कर्जाहरुलाई सामुहिक कर्जा नोक्सानी मुल्यांकन गरिएको छ ।

सामुहिक नोक्सानीको आंकलन गर्दा सहकारीले ऋण नतिर्ने सम्भावना (Probability of deault), पुन: स्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्ति, Loss Given Default आदिको तथ्यांकीय विश्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ । डिफल्ट दर, नोक्सान दर र भविष्यमा पुन: प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरिन्छ र उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ ।

ICAN ले जारी गरेको वैकल्पिक व्यवस्थाको सुचना अनुसार सहकारीले कर्जा तथा सापटीमा हुने हानी नोक्सानीको मापन गरेको छ र कर्जा नोक्सानी व्यवस्थाका लागि सहकारी ऐन बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी छ त्यसैलाई लेखाङ्कन गरिएको छ ।

**३.४.३ बिक्रीको लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी (Impairment of Financial Investments – Available-for-Sale)**

जब बिक्रीको लागि उपलब्ध इक्विटी लगानी व्यापकरुपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउदछ वा उक्त लगानीको फेयर भ्यालु लागत मूल्य भन्दा तल झर्दछ तब सहकारीले बिक्रीको लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

**३.४.४ व्यापारिक सम्पत्ति (Trading Assets)**

संस्थाले निकट भविष्यमा नै बिक्री गरी नाफा आर्जन गर्ने उद्देश्यले खरिद गरेका सम्पत्तिहरुलाई यस शीर्षकमा देखाईएको छ । अन्य व्यापारिक सम्पत्तिहरुमा गैर व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets), सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी बिल्स, इक्विटी आदि व्यापारिक प्रयोजनको लागि राखिएको छ ।

### ३.५ सम्पत्ति, जायजेथा तथा उपकरण

सम्पत्ति, जायजेथा तथा उपकरण अन्तर्गत ह्रास कट्टी योग्य सम्पत्तिहरु एक बर्ष वा सो भन्दा बढी धारण गरी ग्राहकलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । सहकारीले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थाको सम्पत्ति, जायजेथा तथा उपकरण को बारेमा थप जानकारी वित्तीय विवरण को बुँदा नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

सहकारीलाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यभावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई लागत मोडल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आकंलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिंदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई उनुमानित उपयोग्य आयुका आधारमा सरल रेखा विधिबाट ह्रास कट्टी गर्ने गरेको छ ।

| सम्पतिको प्रकृति | उपयोगी आयु |
|---|---|
| सवारी साधन | २० |
| फर्नीचर | १५ |
| कम्प्यूटर | १० |
| कार्यालय उपकरण | १२ |
| अन्य सम्पत्ती | १० |
| लिजहोल्ड सम्पत्ति | प्रयोग अवधि अनुसारको दर |

संस्थाले रु. १०,०००।- सम्म मोल पर्ने स्थिर सम्पत्ति प्रकृतिका सामानहरु खरिद गर्दा त्यस्ता उपकरण तथा सामानहरु पूंजीकृत नगरी सोझै सोही बर्ष खर्च लेख्ने नीति लिएको छ र ह्रास योग्य मूल्या रु २,००० भन्दा कम भएमा सोही बर्षमा ह्रास कट्टी गरिने नीति लिएको छ । संस्थाले संस्थागत प्रयोगको निम्ति राखिएको जग्गाको ह्रास कट्टी गर्नु नपर्ने अनुसार सो जग्गाको ह्रास कट्टी गरिएको छैन ।

### ३.६ अमुर्त सम्पत्ति (Intangible Assets)

खरिद गरिएको कम्प्युटर सफ्टवेयर खरिद लागतको आधारमा पुँजीकरण गरिन्छ । सफ्टवेयरको विकासमा समय समयमा गरिने खर्चहरुले भविष्यमा आर्थिक रुपमा संस्थालाई फाइदा पुग्दछ भन्ने मान्यताको आधारमा त्यस्ता खर्चहरुलाई समेत पुँजीकरण गरिन्छ । कम्प्युटर सफ्टवेयरसंग सम्बन्धित खर्चहरु ५ वर्षको अवधिमा समदर प्रणालीको आधारमा परिशोधित गरिएको छ । संस्थासँग रहेको अमुर्त सम्पत्तिका बारेमा थप जानकारी वित्तीय विवरण को बुँदा नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**३.७ सम्बद्ध कम्पनीमा लगानी**

NAS 28 को व्यवस्था बमोजिम सम्बद्ध संस्थामा लगानीलाई equity method बाट मुल्याङ्कन गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । जसको कारणले गर्दा cost method बाट सम्बद्ध कम्पनीमा लगानीलाई मुल्याङ्कनगरेको छ । हाल संस्थाको कुनै पनी सम्बद्ध कम्पनीमा लगानी नरहेको जानकारी गरिन्छ ।

**३.८ लगानी उद्देश्यका स्थिर सम्पत्ति (Investment Properties)**

लगानी उद्देश्य भएका स्थिर सम्पत्ति भनेका जमीन वा बिल्डिंग वा दुवैलाई NAS 16 – Property, Plant & Equipment बमोजिम पहिचान गरि NFRS 5 – Non-current Assets held for Sale and Discountinued Operations अन्तर्गत बिक्रीको लागि राखिएका लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई जनाउँछ । संस्थासँग यस्तो सम्पतिको मापन लागतमा गरिने छ र साथै उचित मुल्यको खुलासा गर्ने समेत निति अपनाएको छ । आ.व.२०८०।८१ को असार मसान्तमा संस्थामा रहेको लगानी सम्पतीको मुल्य पञ्चकृत मुल्य, दर्ता शुल्क तथा दस्तुर वा फेयर मुल्य बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | फेयर मुल्य/ पञ्चकृत मुल्य | परल मुल्य |
|---|---|---|---|
| १ | लिलाम सकार जग्गा चापागाउ | ५८,८१७,०५४ | ५८,८१७,०५४ |
| २ | लिलाम सकार जग्गा नुवाकोट | ५,००७,६३३ | ५,००७,६३३ |
| ३ | लिलाम सकार जग्गा कुशादेवी | ४,७९२,३०७ | ४,७९२,३०७ |
| ४ | लिलाम सकार जग्गा हुंखर्क | ५,८८५,००० | ५,८८५,००० |
| ५ | लिलाम सकार जग्गा हरिसिद्धि | ३२,६६३,९९७ | ३२,६६३,९९७ |

**३.९ आय कर (Income Tax)**

सहकारीले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस बर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । आयकर सम्बन्धी थप जानकारी बुँदा नं ४.२४ मा प्रस्तुत गरिएको छ ।

**क) चालु आयकर (Current Tax)**

हालका कर सम्पत्तिहरु र दायित्वहरु तथा अघिल्ला बर्षहरुका बुझाउन बांकी रहेका कर दायित्वहरु यस वर्षमा बुझाउनुपर्ने देखिएमा त्यस्ता रकमहरु यस शीर्षकमा राखिन्छ । सम्बन्धित आर्थिक बर्षमा करको रुपमा भुक्तानी गर्नुपर्ने गरी पहिचान भएका कर दायित्वहरु, शुल्क र हर्जाना यस शीर्षकमा समावेश हुन्छन ।

**ख) स्थगन कर (Deferred Tax)**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन करलाई खुद मुनाफा वा बचतको रकम विभिन्न कोषमा रकमान्तर भन्दा पहिला स्थगन कर कोषमा जम्मा गरिन्छ ।

सम्बन्धीको थप जानकारी बुँदा नं ४.८ मा प्रस्तुत गरिएको छ ।

**३.१० व्यवस्थाहरु तथा सम्भावित दायित्वहरु (Provisions and Contigent liabilities)**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा व्यवस्थाहरु लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । विगतका घटनाहरुको

परिणामस्वरुप सहकारीको वर्तमानमा सिर्जित कुनै दायित्वहरु छन जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व चुक्ता गर्नको लागि श्रोतको बर्हिगमन हुन्छ भने त्यसलाई व्यस्थाको रुपमा लेखांकन गरिएको छ ।

**३.११ आम्दानी लेखाङ्कन**

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन । वित्तीय संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, रेमिट्यान्स आय, आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :-

**क) व्याज आम्दानी**

व्याज आम्दानीमा कर्जा लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको कर्जामा प्राप्त व्याज रकमहरु समावेश हुन्छन ।

कर्जा लगानीमा प्राप्त व्याज आम्दानी NFRS ले सुझाव गरेबमोजिम परिमार्जित साँवा रकममा पहिचान गरिन्छ जुन प्रभावकारी व्याज विधिको नजिक हुने गर्दछ । नोक्सानी व्यवस्था गरिएका कर्जाहरुमा पाउने व्याजलाई प्रभावकारी व्याज गणना बिधिमा समावेश गरिदैंन । सरकारी ऋणपत्र, ट्रेजरी बिल, बैंक मौज्दातमा पाउने व्याज आम्दानीलाई प्रभावकारी व्याज गणना विधिको मान्यता दिईन्छ ।

**ख) शुल्क तथा कमिशन आम्दानी**

सामान्यतया कुनै विशेष कार्य सम्पन्न भएपश्चात वा सेवा प्रवाह गरेवापत शुल्क तथा कमिशन आम्दानी प्राप्त हुने गर्दछ र यसलाई आर्जित आयको रुपमा मान्यता दिईन्छ ।

**ग) लाभांश आम्दानी**

संस्थालाई शेयर लगानीवाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्न गरिन्छ ।

**घ) खुद व्यापारिक आम्दानी**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने व्याज, लाभांश, तथा बजार मुल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

**ङ) अन्य सञ्चालन आम्दानी**

व्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । Equity शेयरमा भएको लगानीवाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । यस सम्बन्धी थप विवरण बुंदा नं. ४.१९ प्रस्तुत गरिएको छ ।

**३.१२ ब्याज खर्च**

ग्राहकहरुको निक्षेप खाता र सहकारीले प्राप्त गरेको अन्य सापटीमा पाकेको ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ। यससम्बन्धी थप जानकारी बुंदा नं ४.१६ मा प्रस्तुत गरिएको छ।

**३.१३ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले सहकारीलाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ। सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन्। कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि सहकारीले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ।

**क) उपदान तथा सञ्चय कोष:**

संस्थाले सेवानिवृत लाभहरुको रुपमा कर्मचारीहरुलाई उपदान र सञ्चय कोष सुविधा प्रदान गरेको छ। परिभाषित योगदान योजना (Defined Contribution plan) सेवापछिको लाभ योजना हो, जस अन्तर्गत संस्थाले योगदानलाई छुट्टै शिर्षकमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ। संस्थाले सामाजिक सुरक्षा कोषमा आवद्ध भएको हुदा कर्मचारीलाई उपलब्ध गराउने उपदान रकम परिभाषित योगदान योजना अन्तर्गत पर्दछ। संस्थाले २०८० असार मसान्त सम्मको उपदान दायित्वलाई यकिन गरी प्रस्तुत गरेको छ।

परिभाषित लाभ योजना (Defined Benefits Plan) परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो। संस्थाले परिभाषित लाभ योजना (Defined Benefits Plan) लागु गरेको छ।

**ख) सञ्चित बिदा**

संस्थाले संचित बिदा सुविधा यसको कर्मचारी सेवा बिनियमावली बमोजिम प्रदान गर्ने गर्दछ। घर बिदा ६० दिनसम्म संचित गरिएको छ भने बिरामी बिदा जति दिनसम्म पनि सञ्चित गर्न सकिनेछ। बिदा वापतको दायित्वको गणना गर्न सहकारीले Actuarial Valuation गरेको छैन।

**३.१३ क अन्य खर्च**

संस्थाले गरेको नियमित कार्यालय संचालन खर्च र कर्जा अपलेखन खर्च यस शीर्षकमा प्रस्तुत गरेको छ।

**३.१४ पट्टा (Lease)**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 17: Lease को प्रावधान बमोजिम गर्ने नीति लिएको छ। पट्टालाई प्रारम्भ मितिबाट प्रयोग अधिकार अन्तर्गतको सम्पत्ती र पट्टा दायित्वमा लेखांकन गरिनेछ। अभिछिन्न मितिमा लागत मोडल अन्तर्गत लेखांकन गरिने नीति लिइएको जम्मा प्रयोग अधिकार अन्तर्गतको सम्पत्तीको लागतमा संचति ह्रास खर्च, संचित क्षय नोक्सानी र पट्टा दायित्वको पूनमूल्यांकन रकम समायोजन गरि प्रस्तुत गरिएको छ।

**३.१५ विदेशी विनिमय कारोबार**

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ। बासलातमा प्रस्तुत हुने बिदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सान नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

Chartered Accountants
KATHMANDU

**३.१६ शेयर पूँजी तथा कोषहरु**

**३.१६.१ शेयर पूँजी**

सहकारीका सबै साधारण शेयरहरु चुक्ता भई सकेको छ । साधारण शेयरधनीहरुले वार्षिक साधारण सभाबाट पारित लाभांश पाउने अधिकार हुन्छ । शेयर पूँजीमा सदस्य बनेको वा थपेको बेलामा बिधान बमोजिम भुक्तानी गरेको रकम हुन्छ जुन सहकारी ऐन अन्तर्गत फिर्ता गर्न सकिन्छ ।

**३.१६.२ कोषहरु**

कोषमा साधारण जगेडा कोष, संरक्षित पूंजी फिर्ता कोष, सहकारी शिक्षा कोष, सहकारी प्रवर्धन कोष, शेयर लाभांश कोष, सहकारी विकास कोष, घाटापुर्ति कोष, सामूदायिक विकास कोष, अन्य जोखिम व्यवस्थापन कोष, कर्मचारी बोनस कोष र स्थिरिकरण कोष पर्दछन । खुद मुनाफा वा कुल नाफा वा कुल बचतको रकमबाट कोषमा रकम जम्मा गर्दै आइरहेको छ । खुद मुनाफा वा कुल नाफा वा कुल बचतको रकम भन्नाले स्थगन करलाई खुद मुनाफा, कुल नाफा वा कुल बचतको रकम बाट स्थगन कर कोषमा जम्मा गरेपछीको रकम पर्दछ ।

**३.१६.३ साधारण जगेडा कोष**

बर्षिक खुद मुनाफाको २५% रकम साधारण जगेडा कोषमा सार्ने नीति रहेको छ ।सो व्यवस्था बमोजिम संस्थाले जगेडा कोषमा रकम जम्मा गर्दै आइरहेको छ ।

**३.१६.४ सम्पत्ति पुर्नमूल्यांकन कोष (Assets Revaluation Reserve)**

NFRS बमोजिम सम्पत्ति पुर्नमुल्यांकन कोष (Assets Revaluation Reserve) मा सम्पत्तिको पुर्नमुल्यांकनको कारणबाट सिर्जना भएको कोषको लेखांकन गरिने छ । यस आ.व.सम्मा कुनै सम्पत्तिको पुनः मुल्याङ्कन भने गरिएको छैन ।

**३.१६.५ बजार मूल्य कोष (Fair Value Reserve)**

NFRS बमोजिम Fair Value Reserve मा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भएको त्यस्तो सम्पत्ति पुनः मुल्याङ्कन हुँदा हुने सबै उतारचढाव वा नोक्सानलाई यसै कोषमा समायोजन गरिन्छ ।

**३.१६.६ अन्य कोष**

**क) संरक्षित पुँजी फिर्ता कोष**

संरक्षित पुँजी फिर्ता कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत प्रतिशत रकमान्तर गरिएको छ ।

**ख) सहकारी प्रवर्द्धन कोष**

सहकारी प्रवर्द्धन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा ०.५ प्रतिशत रकमान्तर गरिएको छ ।

**ग) संस्था विकास कोष**

संस्था विकास कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुंजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**घ) शेयर लाभांश कोष**

शेयर लाभांश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ६५ प्रतिशत रकमान्तर गरिएको छ ।

**ङ) कर्मचारी बोनश कोष**

कर्मचारी बोनश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**च) घाटा पुर्ति कोष**

घाटा पूर्ति कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**छ) सहकारी शिक्षा कोष**

सहकारी शिक्षा कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**ज) सामुदायिक विकाश कोष**

सामूदायिक विकाश कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**झ) स्थिरिकरण कोष**

स्थिरिकरण कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**ञ) अन्य जोखिम व्यवस्थापन कोष**

अन्य जोखिम व्यवस्थापन कोषमा यस आर्थिक बर्षको कुल नाफाबाट साधारण जगेडा बापतको २५ प्रतिशत घटाएपछि कायम हुने रकममा २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष कायम गरेपछिको रकमको ५ प्रतिशत रकमान्तर गरिएको छ ।

**३.१७ प्रतिशेयर खुद सम्पत्ति**

संस्थाले NAS 33-"Earnings Per Share" को प्रावधान बमोजिम आधारभुत प्रति शेयर आम्दानी (Earning Per Share) को गणना नगरेतापनि प्रति शेयर खुद सम्पत्तिको गणना देहाय बमोजिम गरेको छ :-

| विवरण | २०८०-८१ | २०७९-८० |
|---|---|---|
| प्रति शेयर खुद सम्पत्ति मुल्य | २०८।९७ | २०४.५५ |

**३.१८ प्रष्टिकरण तथा थप जानकारीहरु**

**क) कर्जा जोखिम**

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम वित्तीय संस्थालाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पुरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो ।

वित्तीय संस्थाभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङ्गको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ्ग प्रारुपलाई कर्जा जोखिम न्युनीकरणको लागि तयार पारिएको छ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि संस्थाले बिभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ। प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ऋणी सदस्य जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको संग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ।

**ख) व्याजदर जोखिम**

व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरणका Fair value वा भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुने गर्दछ। संस्थाले बजार तरलता र आधार दरको आधारमा लगानी व्याजदर निर्धारण गर्ने गर्दछ।

**ग) तरलता जोखिम**

व्याजदर वा सुरक्षणपत्र (ईक्विटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मुल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकुल परिवर्तनको कारण संस्थाले बजार जोखिमलाई लेखाङ्कन गरेको छ। तरलता जोखिमले संस्थाको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले संस्थाको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने संस्थाको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र संस्थाको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ। तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ। संस्थाले मासिक रुपमा तरलताको यकिन गरी पर्याप्त तरलता रहे नरहेको मापन गर्ने गरेको छ।

**घ) सञ्चालन जोखिम**

संचालन जोखिम भनेको अपर्याप्त वा असफल प्रक्रियाहरू, प्रणाली वा नीतिहरू, कर्मचारीका त्रुटिहरू, प्रणालीका असफलताहरू, अन्य अपराधिक गतिविधिले व्यवसाय प्रक्रियामा वाधा उत्पन्न गराई परिणामस्वरूप घाटा हुने सम्भावना हो।

संचालन जोखिमलाई जोखिम पहिचान, मूल्यांकन, नियन्त्रण र अनुगमनको माध्यमबाट व्यवस्थापन गरिन्छ। संस्थाको संचालन जोखिम नियन्त्रणको लागि वित्तीय प्रशासन नीति, कर्मचारी विनिमयावली, सञ्चालन निर्देशिका, AML/CFT नीति, शंकास्पद कारोबार पहिचान प्रक्रिया, र राजनीतिक रूपले उजागर गरिएको व्यक्तिको पहिचान नीति रहेका छन्, जसले दैनिक कामका लागि निर्देशन दिन्छ।

**ङ) शेयर बिकल्प र शेयरमा आधारित भुक्तानी**

संस्थासँग कुनै पनि शेयर विकल्प र शेयर आधारित भुक्तानी छैन।

**च) सम्भावित दायित्व र प्रतिबद्धता**

**सम्भावित दायित्व**

जहाँ संस्थाले आफ्ना सदस्यहरुको तर्फबाट जारी गरिएको ग्यारेन्टीहरुको भुक्तानी गर्ने प्रतिबद्धता गर्दछ - जसको लागि रिर्पोटिङ्ग मितीमा भुक्तानी गर्ने दायित्व उत्पन्न भएको छैन, ती वित्तीय विवरणहरुमा सम्भावित दायित्वको रुपमा समावेश हुन्छन।

Chartered Accountants

**प्रतिबद्धता**

जहाँ संस्थाले सदस्यलाई वा सदस्यको तर्फबाट ऋण, ओभरड्राफ्ट, भविष्यको ग्यारेन्टी, रद्द गर्न मिल्ने वा नगर्ने गरी रकम उपलब्ध गराउने आफ्ना मनशाय पुष्टि गरेको छ र रिपोटिङ्ग मितिमा संस्थाले भुक्तानी गरेको छैन भने ती उपकरणहरु वित्तीय विवरणहरुमा प्रतिबद्धताको रुपमा समावेश हुन्छन ।

**छ) सम्बन्धित पक्ष खुलासा**

नेपाल लेखा मापदण्ड २४ (NAS २४) अन्तंगत आवश्यक्ता अनुसार बैकंले निम्न लिखित पक्षहरुलाई सम्बन्धित पक्ष भनि लेखाङ्कन गरेको छ :-

क. सञ्चालकहरु

ख. उच्च व्यवस्थापनमा रहेका पदाधिकारीहरु

ग. सञ्चालक र उच्च व्यवस्थापनमा रहेका पदाधिकारीहरुका नातेदार

| सञ्चालक तथा उच्च व्यवस्थापनमा रहेका पदाधिकारीहरुको विवरण | |
|---|---|
| **आ.व २०८०/०८१** | **आ.व २०७९/०८०** |
| **सञ्चालकहरु** | **सञ्चालकहरु** |
| शम्भु प्रसाद फुयांल | शम्भु प्रसाद फुयांल |
| श्यामकृष्ण घिमिरे | श्यामकृष्ण घिमिरे |
| हरिप्रसाद बजगाई | हरिप्रसाद बजगाई |
| विदुर प्रसाद तिमल्सिना | विदुर प्रसाद तिमल्सिना |
| अशोक के.सी | अशोक के.सी |
| राजेन्द्र कुमार घिमिरे | राजेन्द्र कुमार घिमिरे |
| कमल प्रसाद तिमल्सिना | कमल प्रसाद तिमल्सिना |
| विदुर बहादुर घिमिरे | विदुर बहादुर घिमिरे |
| प्रेमप्रसाद बजगाई | प्रेमप्रसाद बजगाई |
| राजु आले मगर | राजु आले मगर |
| कञ्चन बस्नेत | कञ्चन बस्नेत |
| अञ्जु लामिछाने | अञ्जु लामिछाने |
| प्रमिला श्रेष्ठ | प्रमिला श्रेष्ठ |

| उच्च व्यवस्थापनमा रहेका कर्मचारीहरु | उच्च व्यवस्थापनमा रहेका कर्मचारीहरु |
|---|---|
| इन्द्र घिमिरे | इन्द्र घिमिरे |
| गोपाल प्रसाद दहाल | गोपाल प्रसाद दहाल |
| प्रमोद लामा | प्रमोद लामा |
| दिपेन्द्र घिमिरे | दिपेन्द्र घिमिरे |

**यस आ.ब. को कारोबार**

| विवरण | आ.ब २०८०/०८१ | आ.ब २०७९/०८० |
|---|---|---|
| सञ्चालकहरु | | |
| संचालक बैठक भत्ता | ३२०,००० | ३११,००० |
| सञ्चालकहरुलाई निक्षेपमा प्रदान गरेको ब्याज रकम | २,३०३,१४८ | २,१७७,९०१ |
| अन्य | | |
| जम्मा | २,६२३,१४८ | २,४८८,९०१ |
| उच्च व्यवस्थापनका कर्मचारीहरु | | |
| पारिश्रमिक भुक्तानी | ४,६१०,७०५ | ४,२४५,८१२ |
| सेवानिवृत्त पछिको लाभ भुक्तानी | | |
| अन्य दीर्घकालीन लाभ | | |
| आर्थिक वर्षमा सापटी | १३,६४५,००० | ९,९००,००० |
| सापटीमा ब्याज | १,७६१,६९९ | ३,५८७,४५८ |
| निक्षेपमा ब्याज | १०५,१२५ | १०३,२३५ |
| अन्य | | |
| जम्मा | २०,१२२,५२९ | १७,८३६,५०५ |

| रिपोर्टिङ मितिमा मौज्दात | | |
|---|---|---|
| विवरण | आ.ब २०८०/०८१ | आ.ब २०७९/०८० |
| सञ्चालकहरुको निक्षेप | २४,९५६,३३८ | ५२,०५१,५९० |
| उच्च व्यवस्थापन कर्मचारीहरुको निक्षेप | ७१०,६२२ | १,८७९,२५६ |
| सञ्चालकहरुको सापटी | २१,४४४,८०० | ३०,०४४,८०० |
| उच्च व्यवस्थापनका कर्मचारीहरुको सापटी | १३,६४५,००० | ९,९००,००० |
| अन्य प्राप्त हुनुपर्ने/भुक्तानी गर्नुपर्ने (यदि भएमा) | | |
| जम्मा | ६०,७५६,७५९ | ९३,८७५,६४६ |

**३.१९ पुन: वर्गिकरण**

गत वर्षका अंकहरु र शिर्षकहरु आवश्यकता अनुसार पुन: वर्गिकरण गरिएका छन् ।

हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Hamro Saving and Credit Co-operative Society Limited
लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055)

# शेयर सदस्य सुरक्षा कार्यक्रम सम्बन्धी सूचना

संस्थाको शेयर सदस्य सुरक्षा कार्यक्रम निर्देशिका बमोजिम देहाय बमोजिमको अवस्थामा देहाय बमोजिमको रकम उपलब्ध गराइने छ । उक्त कार्यक्रम अनुसारको सुविधा लिन इच्छुक सदस्यहरूले देहायबमोजिमका कुराहरूमा ध्यान दिनुहुन अनुरोध छ ।

**शेयर सदस्य सुरक्षा कार्यक्रमका क्षेत्रहरू**

क) शेयर सदस्यको मृत्यु भएमा ।
ख) गम्भीर प्रकृतिको रोग लागेमा ।
ग) गम्भीर प्रकृतिको दुर्घटना परेमा ।
घ) स्थायी अशक्तता भएमा ।
ङ) जटिल/लामो समयसम्म बिरामी परेमा ।

- शेयर सदस्यको मृत्यु भएमा मृतक शेयर सदस्यको नाममा रहेको शेयर पूँजी बराबरको रकम (न्यूनतम रु. ५०००।- देखि ८०,०००।- सम्म) मृतकका परिवारलाई किरिया खर्च वापत उपलब्ध गराइने छ ।
- माथी उल्लेखित रोग/दुर्घटनाको उपचारको लागि सञ्चालका समितिको निर्णय बमोजिम बढीमा २०,०००/- सम्म उपचार खर्च उपलब्ध गराइनेछ ।
- संस्थाबाट सहुलियत (साधारण बचतको ब्याज बराबर) ब्याजदरमा रु. ५०,०००।- सम्म उपचार कर्जा उपलब्ध गराइने छ ।
- महिला सदस्यलाई सुत्केरी पोषण खर्च दुई पटकसम्म रु. १५००।- उपलब्ध गराइने छ ।
- पुरुष सदस्यहरूको हकमा परिवार नियोजन उत्प्रेरणा खर्च रु. १०००।- उपलब्ध गराइने छ ।

**सुविधाबाट बञ्चित हुने अवस्था**

क) नियमित बचत **लगातार ६ महिना भन्दा बढी अवधि भुक्तानी नगरेमा**
ख) लगातार **६ महिना** भन्दा बढि कर्जाको साँवा तथा ब्याज नतिरेको ।
ग) कोषमा संस्थाको निर्देशिका बमोजिम योगदान नगरेको ।
घ) संस्थाको विनियम तथा अन्य नीति बमोजिम कार्वाहीमा परेको ।
ङ) सदस्य बनेको २ वर्ष अवधि पूरा नभएको ।
च) कम्तीमा २ ओटा बचत कार्यक्रममा सहभागी नभएको ।

**सुविधा प्राप्त गरेपछिको अवस्था**

क) नियमित बचत अनिवार्यरुपमा गरीरहनुपर्ने ।
ख) ऋण भुक्तानी नियमित हुनुपर्ने ।
ग) शेयर सदस्यता फिर्ता वा हस्तान्तरण ५ वर्षभित्र गर्न चाहेमा सुविधावापत प्राप्त गरेको रकम कटाएर मात्र भुक्तानी लिन सकिने ।

# हार्दिक श्रद्धाञ्जली

**यस संस्थाका निम्नानुसारका सदस्यहरूको विभिन्न मितिमा असामयिक निधन हुन गई संस्थालाई अपुरणीय क्षति पर्न गएकोमा दिवंगत आत्माको चीर शान्तिको कामनासहित शोक सन्तप्त परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने प्रार्थनासहित हार्दिक समवेदना प्रकट गर्दछौं ।**



जन्म २०२० — मृत्यु २०८०/०५/१५

शान्त प्रसाद घिमिरे



जन्म २०२२/०९/१५ — मृत्यु २०७९/०९/१५

शम्भुप्रसाद दाहाल



जन्म २०३७/०४/०९ — मृत्यु २०८०/०४/०८

शिवप्रसाद प्रसाई



जन्म २०१० — मृत्यु २०७८/०१/२२

रुद्रप्रसाद सञ्जेल



जन्म २०११/०८/२९ — मृत्यु २०८०/१०/०२

मनोरथ तिमल्सिना



जन्म २०२४/६/७ — मृत्यु २०८०/११/०९

राजमान भोक्जन



जन्म २०२८/१०/०२ — मृत्यु २०८०/१२/१५

रमेश प्रसाद बजगाई



जन्म २००७/०८/०२ — मृत्यु २०८०/०१/८

हरिप्रसाद भट्टराई



जन्म १९९७/६/११ — मृत्यु २०८१/१/२२

द्रोणप्रसाद घिमिरे



जन्म २०१२/०२/२० — मृत्यु २०८०/१२/२२

विश्वनाथ दाहाल

# हार्दिक श्रद्धाञ्जली

**यस संस्थाका निम्नानुसारका सदस्यहरूको विभिन्न मितिमा असामयिक निधन हुन गई संस्थालाई अपुरणीय क्षति पर्न गएकोमा दिवंगत आत्माको चीर शान्तिको कामनासहित शोक सन्तप्त परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्ने प्रार्थनासहित हार्दिक समवेदन प्रकट गर्दछौं ।**

जन्म २०२८/०४/१५

मृत्यु २०८१/०१/२६

राधाकृष्ण घिमिरे

जन्म २०२५/०८/१०

मृत्यु २०८१/०२/०७

भोजप्रसाद बजगाईं

जन्म २००६

मृत्यु २०७९/०८/०९

काजिमान पाण्डे

जन्म २०२६/०७/१०

मृत्यु २०८०/१२/२२

बद्रिप्रसाद गौतम

जन्म २०१६/३/१४

मृत्यु २०८०/११/७

दुर्गामाया शिवाकोटि

जन्म २०२२/०५/१८

मृत्यु २०८०/११/११

गिन्द्र बहादुर तिमल्सिना

जन्म २०००/०७/१५

मृत्यु २०८०/११/०५

भवानी शंकर तिमल्सिना

जन्म २०२६/८/१४

मृत्यु २०८१/५/६

सुनिता बाणिया क्षेत्री

जन्म २०१८/०१/०५

मृत्यु २०८०/०७/१

बद्रि देवीतेली

जन्म २०३०/०६/०७

मृत्यु २०८१/१/२२

ओमप्रसाद दाहाल

# व्यवस्थापन



**श्री इन्द्र घिमिरे**
प्रमुख कार्यकारी अधिकृत



**श्री गोपालप्रसाद दाहाल**
ऋण अधिकृत



**श्री प्रमोद लामा**
लेखा/प्रशासन अधिकृत



**श्री दिपेन्द्र घिमिरे**
व्यवसाय /कार्यक्रम अधिकृत



**श्री गिता तिमल्सिना**
सहायक लेखा अधिकृत



**श्री सम्झना भट्टराई**
सेवाकेन्द्र प्रमुख



**श्री परमेश्वर सापकोटा**
सेवाकेन्द्र प्रमुख



**श्री निरजकुमार घिमिरे**
सेवाकेन्द्र प्रमुख



**श्री मनोज दाहाल**
नगद/व्यवसाय सहायक



**श्री सानु खडका**
नगद सहायक



**श्री मञ्जु बजगाईं**
व्यवसाय सहायक



**श्री राम गौतम**
सदस्य सेवा सहायक



**श्री घनश्याम दाहाल**
सदस्य सेवा सहायक



**श्री सोनी श्रेष्ठ**
नगद/व्यवसाय सहायक



**श्री कमला सापकोटा**
नगद सहायक



**श्री प्रविण गिरी**
व्यवसाय सहायक



**श्री कुमार दाहाल**
सदस्य सेवा सहायक



**श्री राजु घिमिरे**
नगद/व्यवसाय सहायक



**श्री सचिना दाहाल**
सदस्य सेवा सहायक



**श्री विमला सापकोटा**
सदस्य सेवा सहायक



**श्री सुदिप स्याङ्तान**
सदस्य सेवा सहायक



**श्री सुवास लामिछाने**
सदस्य सेवा सहायक



**श्री सुदिक्षा बजगाईं**
रिसेप्सनिष्ट



**श्री गंगादेवी सञ्जेल**
सहयोगी



**श्री पवित्रा घिमिरे**
सहयोगी



**श्री सञ्जिता खड्का**
फिल्ड सहयोगी

## सल्लाहकारहरू



श्री रामशरण शर्मा घिमिरे



श्री गोपालप्रसाद घिमिरे



श्री उद्धवप्रसाद दाहाल



श्री राजेन्द्रप्रसाद तिमल्सिना



श्री अरूणकुमार के.सी.



श्री सुरेन्द्रकुमार घिमिरे

## सञ्चालक समिति



श्री शम्भूप्रसाद फुयाल
अध्यक्ष



श्री श्यामकृष्ण घिमिरे
उपाध्यक्ष



श्री हरिप्रसाद बजगाईं
सचिव



श्री विदुरप्रसाद तिमल्सिना
कोषाध्यक्ष



श्री राजु आले मगर
सञ्चालक



श्री अशोक के.सी.
सञ्चालक



श्री राजेन्द्रकुमार घिमिरे
सञ्चालक



श्री कञ्चन बस्नेत
सञ्चालक



श्री विदुरबहादुर घिमिरे
सञ्चालक



श्री प्रेमप्रसाद बजगाईं
सञ्चालक



श्री कमलप्रसाद तिमल्सिना
सञ्चालक



श्री अञ्जु लामिछाने
सञ्चालक



श्री प्रमिला श्रेष्ठ
सञ्चालक

### लेखा सुपरीवेक्षण समिति



श्री नारायण थापा
संयोजक



श्री करिश्मा स्थापित
सदस्य

### ऋण उपसमिति



श्री अशोक के.सी.
संयोजक



श्री मेदनाथ सापकोटा
सदस्य



श्री बद्री सञ्जेल
सदस्य

सरल र सुरक्षित वित्तीय पहुँचका लागि

# वित्तिय प्रविधिमा हाम्रो साकोस










CORPORATE PAY Business Payments Platform

eSewa

khalti

fonepay

connectIPS pay direct from bank

अत्यन्त संवेदनशील जानकारीः आफ्नो पिनकोड, पासवर्ड र OTP कसैसँग पनि शेयर नगर्नुहोला ।

हाम्रा विप्रेषण सेवाहरू:

WESTERN UNION MONEY TRANSFER | prabhu Money Transfer | IME | IME pay | CITY EXPRESS MONEY TRANSFER

दुई पाङ्ग्रे र चारपाङ्ग्रे निजी सवारी साधानको
**कर भुक्तानी तथा ब्लुबुक नवीकरण**
सेवा हाम्रो साकोसको मुख्य कार्यालय र
सबै सेवाकेन्द्रबाट उपलब्ध छ ।



सवारी कर, छैन फिकर....

SMART SERVICE INN
01-5151731, 9802312500
www.smartservice.com